नेपाल सरकार

खानेपानी मन्त्रालय

खानेपानी तथा ढल व्यवस्थापन विभाग

ADB

# शहरी खानेपानी तथा सरसफाइ (क्षेत्रगत) आयोजना

## प्रतिफलमा आधारित सहयोग कार्यक्रम (OBA) निर्देशिका



















**Urban Water Supply**
**&**
**Sanitation (Sector) Project**

नेपाल सरकार

खानेपानी मन्त्रालय

खानेपानी तथा ढल व्यवस्थापन विभाग

# शहरी खानेपानी तथा सरसफाइ (क्षेत्रगत) आयोजना

# प्रतिफलमा आधारित सहयोग कार्यक्रम (OBA) निर्देशिका

**आयोजना व्यवस्थापन कार्यालय**

पानीपोखरी, काठमाडौं, नेपाल

फोन : ९७७-१-४४२२२३१, ४००६६८५, ४००६५४६

फ्याक्स : ९७७-१-४४१३२८०

वेवसाइट : www.uwssp.gov.np

इमेल : info@uwssp.gov.np

# महानिर्देशकको मन्तव्य



शहरी खानेपानी तथा सरसफाइ आयोजनासंग सम्बन्धित "प्रतिफलमा आधारित सहयोग कार्यक्रम (Out-put Based Aid) निर्देशिका २०७४" लाई अध्यावधिक गरी शहरी खानेपानी तथा सरसफाइ सुविधा अभिवृद्धिका लागि "प्रतिफलमा आधारित सहयोग कार्यक्रम (OBA) निर्देशिका २०७७" प्रकाशित गर्न लागेकोमा मलाइ ज्यादै खुशी लागेको छ ।

नेपाल सरकारको सन् २०१७ सम्म २७ प्रतिशत जनतालाई उच्च तथा मध्यम स्तरको सुरक्षित खानेपानीको आपूर्ति तथा सरसफाइ सेवा पुर्‍याउने लक्ष्य हासिल गर्न प्रथम, दोस्रो, तेस्रो साना शहरी तथा शहरी खानेपानी तथा सरसफाइ आयोजनाले ठूलो टेवा पुर्‍याई रहेको छ जसले गर्दा सार्वजनिक स्वास्थको सुधार गर्न तथा गरिबी निवारण सम्बन्धी राष्ट्रिय उद्देश्य हासिल गर्न मद्धत पुग्नेछ । साथै, नेपाल सरकार ले अंगिकार गरेको दिगो विकास लक्ष्य हासिल गर्न यस आयोजनाबाट खानेपानीको उच्च स्तरको सेवा तथा वातावरणीय सरसफाइको लक्ष्य हासिल गर्न मद्धत मिल्ने आशा गरेको छु । यस आयोजनाले समावेशी सिद्धान्तको अवधारणाबाट आयोजना क्षेत्र भित्रका गरीब तथा पिछडिएका वर्ग, जो विभिन्न कारणले खानेपानी तथा सरसफाइको सुविधा लिन असमर्थ छन्, तिनीहरुलाई सेवा सुविधाको पहुँच प्रदान गर्नको लागि प्रतिफलमा आधारित सहयोग कार्यक्रम एउटा प्रभावकारी विधि हो । यही नीतिलाई आत्मसात गरी, शहरी खानेपानी तथा सरसफाइ कार्यक्रमहरु लागू गरिएको छ ।

यसरी, "प्रतिफलमा आधारित सहयोग कार्यक्रम निर्देशिका २०७७" मा कार्यक्रम कार्यान्वयन गर्न आवश्यक पर्ने सबै प्रक्रिया, आधार, सरोकारवालाहरुको भूमिका, दायित्व आदि समावेश भएकोले, यस निर्देशिकाले जो कोहिलाई पनि कार्यक्रम लागू गर्न ठूलो सहयोग पुऱ्याउन मद्धत गर्नेछ भन्ने मैले पूर्ण विश्वास लिएको छु ।

मीना श्रेष्ठ
महानिर्देशक
खानेपानी तथा ढल व्यवस्थापन विभाग



# आयोजना निर्देशकको मन्तव्य

नेपाल सरकारले सम्पूर्ण नागरिकलाई सुरक्षित खानेपानी र सरसफाइ सेवा उपलब्ध गराउने कुरालाई मौलिक मानवीय आवश्यकता र आधारभूत अधिकारको रुपमा लिंदै साना शहरहरुमा एशियाली विकास बैंकको सहयोगमा २९ वटा पहिलो ,२० वटा दोस्रो र २० वटा तेस्रो साना शहरी खानेपानी तथा सरसफाइ आयोजना सम्पन्न भई उपभोक्ताले  उच्च /मध्यम स्तरको शुद्ध खानेपानी उपभोग गरि रहेका छन् ।

शहरी खानेपानी तथा सरसफाइ आयोजनाले विशेषत सहलगानी/लागत असुली, लैङ्गिक समानता र सामाजिक समावेशीता, प्रतिफलमा आधारित अनुदान, पारदर्शिता र उत्तरदायित्व जस्ता नीति अंगाली अगाडि बढि रहेको छ । आयोजना क्षेत्र भित्र बसोवास गर्ने गरीब, पिछडिएका वर्ग, जोखिममा परेका वर्ग/समूह, आर्थिक वा सामाजिक कारणले सेवा सुविधाहरु धारा जडान र चर्पी निर्माण गर्न असमर्थ घरधुरीहरुलाई खानेपानी तथा सरसफाइको सेवा उपलब्ध गराउने उद्देश्यले, राहत स्वरुप रकम उपलब्ध गराउने प्रावधान अनुसार प्रतिफलमा आधारित अनुदान सहयोग (Out–Put Based Aid) कार्यक्रम लागु गरिएको छ । यसका लागि सेवा प्रदायक संस्थालाई अनुदान रकम उपलब्ध हुनेछ । डिजाइन सुपरिवेक्षण तथा व्यवस्थापन परामर्श दातृ संस्थाले तयार गरेको सामाजिक आर्थिक विवरणका आधारमा पहिचान तथा छनोट भएका घरधुरीहरुमा अनुदान सहयोग स्वरुप निजी धारा जडान तथा प्रतिफलमा आधारित सहयोग कार्यक्रम अन्तर्गत चर्पी निर्माणको लागि सहयोग दिने प्रावधान रहेको छ । साथै, कार्यक्रमको सुरुवात देखि नै गाउँपालिका/नगरपालिका स्तरीय खानेपानी तथा स्वच्छता समन्वय समितिसंग सहकार्य समन्वयमा तथा उक्त समितिबाट अनुमोदन गरी कार्यक्रमहरु पनि अघि बढिरहेको व्यहोरा अवगत गराउन चाहन्छु ।

यसरी, OBA ले आयोजनाको सेवा सुविधामा सबै वर्गको समान पहुँच तथा न्यायपूर्ण वितरणका अवधारणा आत्मसाथ गरी आयोजनाको दिगोपनलाई टेवा पुर्‍याइरहेको छ । साथै, प्रतिफलमा आधारित कार्यक्रमलाई प्रभावकारी रुपमा कार्यान्वयन गर्नका लागि आवश्यक कार्यविधि, प्रक्रिया तयार गरेर "प्रतिफलमा आधारित सहयोग कार्यक्रम (OBA) निर्देशिका २०७४" लाई अध्यावधिक गरी "प्रतिफलमा आधारित सहयोग कार्यक्रम (OBA) निर्देशिका २०७७" तयार गरिएको छ । घरधुरी छनौटका मुख्य सूचकहरु, OBA को अवधारणा, प्रतिफलमा आधारित सहयोग कार्यक्रमका मुख्य सरोकारवालाहरुको भूमिका र दायित्व, घरधुरी छनौट प्रक्रिया तथा वितरण प्रणाली, यस संग संम्बन्धित विभिन्न प्रकारका फारम तथा अन्य आवश्यक विषयहरु सहित समेटी निर्देशिकामा विस्तृतरुपमा राखी प्रयोगकर्तालाई सहज बनाइएको छ ।

यसरी, "प्रतिफलमा आधारित सहयोग कार्यक्रम (OBA) निर्देशिका २०७७" ले OBA कार्यक्रम पारदर्शीरुपमा कार्यान्वयन गर्न आवश्यक पर्ने विवरणहरु तथा प्रक्रिया बुझ्न प्रभावकारी माध्यमको रुपमा भूमिका निर्वाह गर्न ठूलो टेवा पुर्‍याउने छ भन्ने मैले अपेक्षा गरेको छु ।

रामकुमार श्रेष्ठ<br>
आयोजना निर्देशक<br>
शहरी खानेपानी तथा सरसफाइ (क्षेत्रगत) आयोजना

## Abbreviations (पद-संकेत)

| | | |
|---|---|---|
| ADB | : | Asian Development Bank<br>एशियाली विकास बैंक |
| CC | : | Coordination Committee<br>समन्वय समिति |
| CWC | : | Civil Works Contractor<br>(निर्माण व्यवसायी) |
| DSMC | : | Design Supervision and Management Consultant<br>डिजाइन, सुपरिवेक्षण तथा व्यवस्थापन परामर्शदाता |
| DWSSM | : | Department of Water Supply and Sewerage Management<br>(खानेपानी तथा ढल व्यवस्थापन विभाग) |
| FHH | : | Female-Head Household<br>महिला घरमुली भएको घरधुरी |
| GESI | : | Gender Equality and Social Inclusion<br>लैङ्गिक समानता तथा सामाजिक समावेशिता |
| GPOBA | : | Global Partnership on Output Based Aid |
| HH | : | Household<br>घरधुरी |
| ICG | : | Implementation Core Group |
| VT | : | Verification Team<br>प्रमाणीकरण टोली |
| MOWS | : | Ministry of Water Supply<br>खानेपानी मन्त्रालय |
| NGO | : | Non-Government Organisation |
| गै.स.स. | : | गैर सरकारी संस्था |
| NPC | : | National Planning Commission |
| NWSSTC | : | National Water Supply and Sanitation Training Centre |
| ODF | : | Open Defecation Free<br>खुला दिसामुक्त |
| OBA | : | Output Based Aid<br>प्रतिफलमा आधारित सहयोग कार्यक्रम |
| O&M | : | Operation and Maintenance<br>सञ्चालन तथा मर्मत सम्भार |
| PAM | : | Project Administration Manual |
| PMO | : | Project Management Office<br>आयोजना व्यवस्थापन कार्यालय |
| PMQAC | : | Project management and Quality Assurance Consultant<br>आयोजना व्यवस्थापन तथा गुणस्तर सुनिश्चितता परामर्शदाता |
| RPMO | : | Regional Project Management Office |

| | | |
|---|---|---|
| | | क्षेत्रीय आयोजना व्यवस्थापन कार्यालय |
| TDF | : | Town Development Fund |
| न.वि.को. | : | नगर विकास कोष |
| RDSMC | : | Regional Design Supervision and Management Consultant<br>क्षेत्रीय डिजाइन सुपरिवेक्षण तथा व्यवस्थापन परामर्शदाता |
| RM/M | : | Rural Municipality/Municipality<br>गाउँपालिका/नगरपालिका |
| WCF | : | Ward Citizen Forum<br>वडा नागरिक मञ्च |
| WASH | : | Water, Sanitation and Hygiene<br>खानेपानी, सरसफाइ तथा स्वच्छता |
| WUA | : | Water Users' Association<br>खानेपानी उपभोक्ता संस्था |
| WUSC | : | Water Users and Sanitation Committee |
| ख.पा.उ.स.स. | : | खानेपानी उपभोक्ता तथा सरसफाइ समिति |

# विषयसूची

शहरी खानेपानी तथा सरसफाइ आयोजनामा प्रतिफलमा आधारित सहयोग कार्यक्रम


| क.स | शीर्षक विवरण | पृष्ठ |
|---|---|---|
| १. | **परिचय** | १ |
| | १.१ सरसफाइ गुरु योजना (२०६८) (Sanitation and Hygiene Master Plan (2011)) | २ |
| | १.२ सुधारिएको सरसफाइ सुविधा (चर्पी) | २ |
| २. | **सेवा सुविधा प्रदान गरिने क्षेत्रहरु** | ३ |
| ३. | **घरधुरी छनोटका मुख्य सुचकहरु** | ४ |
| | ३.१ धारा जडान सुविधाका लागि घरधुरी छनोट मापदण्ड | ४ |
| | ३.२ सरसफाइ सुविधा अन्तर्गत चर्पी निर्माणका लागि घरधुरी छनौट मापदण्ड | ४ |
| ४. | **प्रतिफलमा आधारित सहयोग कार्यक्रमको मुलधारणा र अवधारणा (Core Concept of OBA and Its Approach)** | ४ |
| ५. | **कार्यक्रममा दिइने सहयोगका क्षेत्रहरु** | ५ |
| ६. | **प्रतिफलमा आधारित सहयोग कार्यक्रमका सकारात्मक पक्षहरु** | ६ |
| ७. | **प्रतिफलमा आधारित सहयोग कार्यक्रममा मुख्य सरोकारवालाहरूको भूमिका र दायित्व** | ६ |
| | ७.१ खानेपानी उपभोक्ता तथा सरसफाइ संस्था/समिति | ७ |
| | ७.२ क्षेत्रीय डिजाइन, सुपरिवेक्षण तथा व्यवस्थापन परामर्शदाता (RDSMC) | ७ |
| | ७.३ क्षेत्रीय आयोजना व्यवस्थापन कार्यालय/कार्यान्वयन मुल समुह (आई.सी.जी.) | ८ |
| | ७.४ आयोजना व्यवस्थापन कार्यालय/आयोजना व्यवस्थापन तथा गुणस्तर सु:निश्चितता परामर्शतदाता | ८ |
| | ७.५ सेवा सुविधाका लागि छनौट भएका घरधुरी | ८ |
| | ७.६ प्रमाणीकरण टोली (Verification Team) | ९ |
| | ७.७ सप्लायर/निर्माण व्यवसायी | ९ |
| | ७.८ स्थानीय गैसस, सामुदायिक संस्था, समुदाय, शिक्षक, राजनीतिक पार्टी, सामाजिक – स्वास्थ्य कार्यकर्ता आदि | ९ |
| | ७.९ स्थानीय सरकार (नगरपालिका/गाउँपालिका) | १० |
| | ७.१० सामुदायिक प्राविधिक तथा प्लम्बर | १० |
| | ७.११ गाउपालिका/नगरपालिका स्तरीय खानेपानी, सरसफाइ तथा स्वच्छता समन्वय समिति RM/M-WASH-CC | १० |
| ८. | **प्रतिफलमा आधारित सहयोग (OBA) कार्यक्रम कार्यान्वयन गर्ने प्रक्रियाको संक्षिप्त जानकारी** | १० |
| | ८.१ पहिलो चरण: पहिचान र छनौट (Identification and Selection) | १० |
| | ८.२ दोस्रो चरण: स्वीकृति तथा सम्झौता (Approval and Agreement) | ११ |

८.३ तेस्रो चरण: निर्माण तथा अनुगमन र जाँच (Construction, Monitoting & Varification) १२
८.४ चौथो चरण : निरीक्षण र मूल्यांकन (Monitoring & Evaluation) १२
**९. सेवा सुविधा प्राप्त गर्ने घरधुरीहरूको छनौट प्रक्रिया तथा वितरण प्रणाली** **१२**
**परिशिष्ट क: प्रतिफलमा आधारित सहयोग कार्यक्रमका लागि आवश्यक फारमहरुको सूची** **१५**
**(फारम : १ देखि ८ सम्म)** **१६–२७**
**अनुसूची १ : घरायसी चर्पी निर्माण सम्बन्धमा** **२८**

# शहरी खानेपानी तथा सरसफाइ आयोजनामा प्रतिफलमा आधारित सहयोग कार्यक्रम

## [Out-put Based Aid (OBA)]

## १. परिचय

नेपालमा योजनावद्ध विकासको थालनी देखि नै निरन्तर रुपमा गरिबी न्युनिकरण प्रमुख अवधारणा रहँदै आएको छ। गरीबी न्युनिकरण गर्ने धेरै रणनीतिहरू रहेका छन् जस्तै : शिक्षा, स्वास्थ्य, प्राकृतिक स्रोत साधनमा पहुँच, राज्यका विभिन्न संरचनामा सहभागिता आदि । त्यसैगरी, आवश्यकता अनुसार सामाजिक, सांस्कृतिक, धार्मिक, जातीय आदि कारणले पछाडि परेको वर्गलाई राज्यले विशेष रणनीति, नीति-नियम बनाएर तथा आरक्षणको व्यवस्था समेत गरेर समावेशी हिसाबले विकासको मूल धारमा ल्याउन प्रयास गरेको पाइन्छ ।

नेपालमा खानेपानी आपूर्ति र सरसफाइ सुविधा प्रदान गर्ने उदेश्यले स्थापना भएका सवै आयोजना/परियोजनाका नीति तथा कार्यक्रममा जोखिमयुक्त, विपन्न तथा कमजोर वर्गलाई समावेश गर्नुपर्नाको औचित्य माथि प्रचुर मात्रामा चर्चा परिचर्चा गरेको पाइन्छ । खानेपानी तथा सरसफाइ क्षेत्रमा विपन्न घर परिवारलाई उनीहरूले व्यहोर्न सक्ने लागतका आधारमा खानेपानी आपूर्ति तथा सरसफाइ सेवा सुविधाको पहुँच पुऱ्याउनु पनि महत्वपूर्ण रहेको छ। यस्ता आयोजनाको कार्यान्वयन गर्दा भने ती वर्गहरुनै लागत व्यहोर्न नसकेका कारण आयोजनाबाट बाहिरिने प्रबल संभावना रहेको देखिन्छ। साथै, ती जोखिमयुक्त वर्गका घरधुरीहरु समावेश हुँदा पनि न्युन संख्यामा मात्र सामेल भएको पाइन्छ। उपरोक्त तथ्यलाई मध्येनजर राखेर खानेपानी आपूर्ति र सरसफाइ सेवामा जोखिमयुक्त, विपन्न तथा कमजोर वर्गलाई आयोजना भित्र सरल र सहज रुपमा सेवा सुविधाको पहुँच पुऱ्याउनका लागि प्रभावकारी संयन्त्र स्थापना गरी लागू गर्नु अपरिहार्य रहेको छ। यसै अवधारणालाई आत्मसात् गर्दै दोस्रो तथा तेस्रो साना सहरी खानेपानी तथा सरसफाइ आयोजनामा प्रतिफलमा आधारित सहयोग कार्यक्रम (OBA) लागू गरिएको थियो । त्यसैगरी सहरी खानेपानी तथा सरसफाइ आयोजनाले समेत यस कार्यक्रमलाई निरन्तरता दिएको छ। यसलाई प्रभावकारी रुपमा कार्यन्वयन गर्नका लागि आवश्यक कार्यविधि, प्रक्रिया समेत तयार गरेर निर्देशिका  तयार गरी कार्यक्रम अगाडि बढाइएको छ।

नेपालको संविधान: २०७२ को भाग ३ मा उल्लेखित मौलिक हक र कर्तव्यको खण्डमा स्वास्थ्य सम्बन्धी हक अर्न्तगत प्रत्येक नागरिकलाई स्वच्छ खानेपानी तथा सरसफाइमा पहुँचको हक हुने कुराको प्रत्याभुत गरेको छ  । त्यस कारण पनि स्वच्छ खानेपानी तथा सरसफाइको सुविधा (चर्पी) को लागि सबै वर्गको पहुँच र सुविधाप्राप्त गर्नु नितान्त आवश्यक रहेको छ।

प्रतिफलमा आधारित सहयोग कार्यक्रम (OBA) एउटा यस्तो विधि हो जसले आयोजना क्षेत्रभित्र गरीबी, निर्धनता लगायत विभिन्न कारणले सेवा सुविधा लिन असमर्थ रहेका घरधुरीहरुलाई सेवा सुविधाको पहुँच प्रदान गर्नको लागि प्रभावकारी सेवा दिने माध्यमका रुपमा रहेको छ। यस कार्यक्रमबाट सेवा प्रदायकले सेवाग्राहीलाई सेवा प्रदान गरेपछि नतीजाको आधारमा मात्र तोकिएको अनुदान रकम पाउने गर्दछ। यस कार्यक्रमले छनौट भएका वर्गलाई खानेपानी तथा सरसफाइ सुविधामा सहयोग तथा अनुदान प्रदान गर्ने प्रक्रिया तथा उपयुक्त सरल विधि अगाडि सारिएको छ। त्यसैकारण प्रतिफलमा आधारित सहयोग (OBA) कार्यक्रम समाजमा रहेका जोखिमयुक्त, गरीबतथा निम्छरा वर्गहरु वास्तविक रुपमा लाभान्वित होउन् भन्नाको खातिर स्थापना गरिएको सहयोगी कार्यक्रम हो ।

प्रतिफलमा आधारित सहयोग भनेको विकासका लागि सहयोग रणनीति हो । विकासोन्मुख देशहरूमा छनौट भएका लक्षित समूहलाई सेवा प्रदान गर्ने, उपलब्ध गराइएको सेवा सुविधाको उपलब्धि र सही उपयोगका आधारमा पुष्टि भएपछि अनुदानको रुपमा सहयोग दिइन्छ । विकासका हरेक क्रियाकलापमा सबैको सहभागिता र सेवा सुविधामा पहुँच सामाजिक हिसाबले न्यायपुर्ण तथा आयोजनाको दीगोपनको आवश्यक शर्त पनि हो ।

विकासोन्मुख देशहरुमा OBA सहयोग अन्तर्गत बाटो घाटो निर्माण, शिक्षा, स्वास्थ्य, खानेपानी आपूर्ति र सरसफाइ संरचना निर्माणका साथै अन्य क्षेत्रमा सेवा सुविधा प्रदान गरी लक्षित समूहलाई उनीहरूको लागि क्रियाकलापहरु सम्पन्न भएर उपलब्धिको आधारमा अनुदान सहयोग प्रदान गरेको पाइन्छ ।

प्रतिफलमा आधारित सहयोग कार्यक्रम (OBA) भनेको के हो ?

प्रतिफलमा आधारित सहयोग कार्यक्रम OBA का बारेमा निम्न बूँदाहरूबाट सरल रुपमा बुझ्न सकिन्छ :

- आवश्यक लगानी गर्न नसकेर सेवा सुविधाबाट वञ्चित हुन सक्ने जोखिमयुक्त, निर्धन वर्गलाई दिइने सहयोग ।
- प्रतिफलमा आधारित वा परिणाम प्राप्त भएपछि दिइने अनुदान सहयोग ।
- विकासका क्रियाकलापमा गरीब तथा धनी सबैको समान सहभागिताका लागि प्रदान गरिने सहयोग कार्यक्रम ।
- सेवा सुविधामा पहुँच सामाजिक हिसाबले न्यायपुर्ण तथा आयोजनाको दीगोपनको लागि सहयोगी कार्यक्रम ।
- सेवा सुविधाका लागि प्रदान गरिएको सहयोग सही रुपमा सदुपयोग भयो-भएन तथा सही व्यक्ति/घरधुरीले पाए–पाएनन् भनेर सुनिश्चित गर्ने महत्वपुर्ण कडी ।
- तोकिएको मापदण्ड अनुसार सेवा सुविधा वितरण भएको र यसको अनुगमन गरी पुष्टि भएपछि मात्र शोधभर्ना रकम पाउने नौलो प्रक्रिया भएको ।

OBA ले आफ्नो कार्यक्रममा त्यस्ता व्यक्तिहरूलाई लक्षित गर्दछ जोसंग आधारभुत सेवा सुविधा उपभोग गर्नाको निमित्त आवश्यक वित्तीय बोझ वहन गर्न वा जुटाउन सक्ने क्षमता हुँदैन । यस्ता लक्षित समुदायलाई विविध सेवा सुविधा प्रदान गर्दा लागेको लागत बराबर सेवा प्रदायक संस्थालाई क्रियाकलाप सम्पन्न भए पश्चात् अनुदान स्वरुप प्रदान गरिन्छ। तर अनुदान दिनु अगाडि सेवा प्रदायकले लक्षित समुहलाई सेवा प्रदान गरेको छ वा छैन जाँच गरिन्छ। समुदायलाई प्रतिफलमुखी सेवा प्रदान गरेको छ वा छैन भन्ने जाँच गर्ने जिम्मेवारी प्रमाणीकरण टोलीको साथै उपभोक्ता समितिको रहेको छ । प्रमाणीकरण टोलीले लक्षित घरधुरीले तोकिएको प्रतिफल प्राप्त गरेका छन् भन्ने सिफारीस गरेपछि मात्र सेवा प्रदायकलाई अनुदान दिइने व्यवस्था रहेको छ ।

## १.१ सरसफाइ गुरु योजना (२०६८) (Sanitation and Hygiene Master Plan 2011):

खानेपानी मन्त्रालय अर्न्तगत खानेपानी तथा ढल व्यवस्थापन विभागले तयार गरेको सरसफाइ गुरु योजना (२०६८) लाई नेपाल सरकारले अनुमोदन पश्चात विभिन्न सरोकारवालाहरुले यसलाई प्रभावकारी रुपमा कार्यान्वयन गरिरहेका छन् । सहरी खानेपानी तथा सरसफाइ आयोजनाले पनि यसैलाई आधार मानेर प्रतिफलमा आधारित सहयोग **(OBA)** कार्यक्रम कार्यान्वयन गरीरहेको छ ।

**१.२ सुधारिएको सरसफाइ सुविधा (चर्पी):** सरसफाइ गुरु योजना (२०६८) अनुसार यदि दुइ वा सो भन्दा बढी घरधुरीहरुले सरसफाइ सुविधाहरु (चर्पी) सामुहिक रुपमा प्रयोग गरेमा वा सार्वजनिक प्रयोजनका लागि प्रयोग गरेमा उक्त सरसफाइ सुविधाहरुलाई सुधारिएको सुविधा भनि मानिदैन् । सुधारिएको सरसफाइ सुविधालाई देहाए बमोजिम बर्गीकरण गरिएको छः

क) फ्लस वा पानी हाली फ्लस गरी :

- पाइपबाट ढल निकास प्रणालीमा जाने
- सेप्टिक टैंकमा जाने
- खाल्डे चर्पीमा जाने

ख) हावा आवतजावत हुनेगरी सुधारिएको खाल्डे (भिआपी) चर्पी

ग) स्लाव र ढक्कन सहित भएको खाल्डे चर्पी
घ) कम्पोष्ट मल बनाउने चर्पी (इकोसान चर्पी), बायोग्यास जडित चर्पी
साथै सरसफाइ गुरु योजनाले संरचनाको टिकाउ र दीगोपनाको दृष्टिले कम्तिमा पनि स्ल्यावको सतहसम्म/प्यान सिटको सतहसम्म स्थायी संरचना निर्माण गर्न सिफारिस समेत गरेको छ।

## २. सेवा सुविधा प्रदान गरिने क्षेत्रहरु

शहरी खानेपानी तथा सरसफाइ आयोजना अर्न्तगत जोखिमयुक्त, निर्धन वर्ग वा गरीबीको रेखामुनि रहेर छनौट भएका घरधुरीरूलाई निम्न सेवा सुविधाका लागि सहयोग प्रदान गरिन्छ।

छनौट भएका घरधुरीलाई सहयोग प्रदान गर्नको लागि निश्चित कार्यविधि र प्रक्रिया तय गरिएको छ।

सेवा सुविधा प्रदान गरिने क्षेत्रहरुः

- खानेपानी आपूर्तिका लागि धारा जडानः छनौट भएका घरधुरीलाई आयोजनाबाट अनुदान सहयोग स्वरुप धारा जडान हुनेछ।
- सरसफाइ सुविधा अन्तर्गत स्थायी चर्पी निर्माण प्रतिफलमा आधारित अनुदान सहयोग कार्यक्रमबाट कार्यान्वयन हुनेछ।

यो निर्देशिकाको प्रयोग सम्बन्धमाः
यो निर्देशिकाको मुख्य उदेश्य प्रतिफलमा आधारित सहयोग कार्यक्रम (OBA) बारे संक्षिप्त रुपमा जानकारी गराउनु रहेको छ। साथै यसलाई व्यावहारिक रुपमा कार्यान्वयन गर्नको लागि सेवा पाउने घरधुरीको छनौट प्रक्रिया, सेवा सुविधा वितरण तथा कार्यान्वयन विधि, अनुगमन प्रक्रिया, रकम शोधभर्ना विधि, विभिन्न सरोकारवालाहरुको भूमिका, आवश्यक फारमहरु आदि बारेमा तथा यसका राम्रा पक्षहरुका बारेमा जानकारी गराउनु समेत रहेको छ।

यस कार्यक्रममा संलग्न सबै सरोकारवालाहरुलाई यसले निर्देशित गरेको कार्यप्रक्रिया, विधि तथा भूमिका बमोजिम कार्य गर्न सघाउने सहयोगीका रुपमा कार्य गर्ने अपेक्षा लिइएको छ।

एशियाली विकास बैंकले प्रतिफलमा आधारित सहयोग कार्यक्रम सर्वप्रथम दोस्रो साना शहरी खानेपानी तथा सरसफाइ क्षेत्रगत आयोजना मार्फत नेपालबाट आरम्भ गरेको छ। नगर आयोजनाभित्र बसोवास गरिरहेका जोखिमयुक्त, निर्धन घरधुरीहरूलाई खानेपानी धारा जडान तथा सरसफाइका सुविधाहरू अभिवृद्धिका लागि प्रतिफलमा आधारित सहयोग प्रदान गरिने व्यवस्था गरेको छ।

विश्व बैंकले यस अगाडि नै विश्वका विभन्न देशहरूमा प्रतिफलमा आधारित सहयोग कार्यक्रम संचालन गर्दै आएको छ। विश्व बैंकको अग्रसरतामा प्रतिफलमा आधारित सहयोगका लागि ग्लोबल पार्टनशिप (GPOBA: The Global Partnership on Output Based Aid) समेत खडा भएको छ। विभिन्न देश तथा अन्तर्राष्ट्रिय संघ–संगठन आदि निकायबाट समेत आवश्यक फण्ड जम्मा गरेर यस सम्बन्धी क्रियाकलाप अगाडि बढाई रहेको छ।

विश्व बैंकले विभिन्न देशहरूमा प्रतिफलमा आधारित सहयोग कार्यक्रमबाट विभिन्न कार्यक्रमहरू संचालन गरिरहेको छ भने कतिपय कार्यक्रम सम्पन्न समेत भएका छन्। यस्ता कार्यक्रमहरु खानेपानी, जनस्वास्थ्य, विद्युत, ग्रामीण दुरसंचार, यातायात, शिक्षा, खानेपानी तथा सरसफाइ क्षेत्र आदिमा अनुदान सहयोग कार्यक्रम लक्षित भएको पाइन्छन् र युगाण्डा, फिलिपिन्स, केन्या, श्रीलंका, लाइबेरिया, जाम्बिया, पपुवा न्यूगिनी, भियतनाम, तान्जानिया, मोरक्को आदि देशहरुमा कार्यक्रम संचालन भईरहेका छन्।
स्रोत : WWW.GPOBA.ORG

## ३. घरधुरी छनौटका मुख्य सूचकहरु

शहरी खानेपानी तथा सरसफाइ (क्षेत्रगत) आयोजनाको आयोजना प्रसासन पुस्तिका (Project Administration Manual, PAM) अनुसार यस कार्यक्रम कार्यान्वयन गर्नका लागि तय गरिएका सूचकहरु अनुसार घरधुरीहरुको छनौट प्रक्रिया अपनाउनु पर्ने हुन्छ। मुख्यतया तलको बक्स तालिका भित्र राखिएका निम्न सूचकहरूका आधारमा सेवा सुविधाका लागि सहयोग पाउने जोखिमयुक्त, निर्धन, निम्छरो तथा पिछडिएका घरधुरीहरूको छनौट गरिन्छ :

### ३.१ धारा जडान सुविधाका लागि घरधुरी छनौट मापदण्डः

- घरधुरी छनौटका लागि आयोजनाको कार्यान्वयन निर्देशिका र पामका आधारमा निम्न सूचकहरु रहेका छन् :
- मासिक आम्दामी रु १३,५०० (रु. तेह्र हजार पाँच सय) भन्दा कम भएको साथै तलका मध्ये कम्तिमा तीनवटा सुचकहरु भएको घरधुरी,
- आदिबासी जनजाति वा दलित घरपरिवार, महिला घरमुली भएको घरपरिवार वा, शारीरिक रुपमा अशक्त वा अपाङ्ग घरमूली भएको घरधुरी, वृद्ध-वृद्धा घरमूली भएको घरधुरी
- परिवारमा एक जना मात्र ज्याला मजदूरी गर्ने व्यक्तिमा आश्रित घरपरिवार
- भुमिहिन वा १० रोपनीभन्दा कम जग्गाजमिन भएका घरपरिवार
- कच्ची घर भएको घरपरिवार (७५% भन्दा बढी हलुका सरसामानबाट बनेको घरको स्वरुप भएको)
- टीभी र रेफ्रीजेनेरेटर नभएको घरधुरी
- दुई भन्दा कम उत्पादन दिने बस्तुभाउ भएको घरपरिवार

### ३.२ सरसफाइ सुविधा अन्तर्गत चर्पी निर्माणका लागि घरधुरी छनौट मापदण्डः

- मासिक आम्दामी रु १३,५०० भन्दा कम भएका घरधुरी
- सरसफाइ सुविधा (चर्पी) नभएको वा अस्थायी भएको घरधुरी
- घरसँगै वा नजिकै चर्पि बनाउन उपयुक्त ठाउँ भएको घरधुरी
- माथिका तीन मापदण्डका साथै तलका मध्ये तीनवटा सुचकहरु भएको घरधुरी,
- आदिबासी जनजाति वा दलित घरपरिवार, महिला घरमुली भएको घरपरिवार वा, शारीरिक रुपमा अशक्त वा अपाङ्ग घरमूली भएको घरधुरी, वृद्ध-वृद्धा घरमूली भएको घरधुरी
- परिवारमा एक जना मात्र ज्याला मजदूरी गर्ने व्यक्तिमा आश्रित घरपरिवार
- भुमिहिन वा १० रोपनीभन्दा कम जग्गाजमिन भएका घरपरिवार
- कच्ची घर भएको घरपरिवार (७५% भन्दा बढी हलुका सरसामानबाट बनेको घरको स्वरुप भएको)
- टीभी र रेफ्रीजेनेरेटर नभएको घरधुरी
- दुई भन्दा कम उत्पादन दिने बस्तुभाउ भएको घरपरिवार

## ४. प्रतिफलमा आधारित सहयोग कार्यक्रमको मूलधारणा/अवधारणा (Core Concept of OBA and Its Approach )

- प्रतिफलमा आधारित सहयोग कार्यक्रमको मूलधारणा **(Core Concept of OBA)**
  - **लक्ष्य** (**Target**) : समुदाय भित्रका जोखिमयुक्त, निर्धन घरधुरीहरूमुख्य रुपमा लक्षित गरिएको हुन्छ।
  - **जवाफदेहिता** (**Accountability**) : सेवा प्रदायकहरु लक्षित वर्ग छनौट गर्न र तय भएको सेवा वितरण गर्दा जवाफदेही रहन्छन्।
  - **अनुगमन** (**Monitoring**) : प्रतिफल पाएको नपाएको कार्यको अनुगमन हुने भएकाले पारदर्शिता कायम रहन्छ।

- **कार्यकुशलता/दक्षता (Efficiency)** : तोकिएको मापदण्ड अनुसार राम्ररी परिणाम आएमा मात्र लगानी शोधभर्ना हुने हुनाले दक्षतासाथ कार्य हुने हुन्छ ।

- कार्यक्रमको अवधारणा **(The OBA Approach)** : प्रतिफलमा आधारित सहयोग कार्यक्रम अन्य कार्यक्रमभन्दा भिन्न रहेको छ । माथि उल्लेखित मूलधारणालाई अवलम्बन गरी यस कार्यक्रमले अपनाएको मुख्य अवधारणा निम्न रहेका छन्:
  - यस कार्यक्रमका लागि सेवा वा प्रतिफल भन्नाले मापदण्डभित्र परेर छनौट भएका जोखिमयुक्त, निर्धन रकमजोर वर्गका घरधुरीमा सरसफाइ सेवा सुविधाको पहुँचमा अभिवृद्धि गर्नु भन्ने बुझ्नु पर्दछ ।
  - यस कार्यक्रमले प्रदान गर्ने अनुदान सहयोग रकम शोधभर्ना प्रत्यक्ष प्रतिफल हासिल भएको यकिन गरेर मात्र दिइन्छ । त्यसकारण प्रतिफलसंग रकम शोधभर्नाको प्रत्यक्ष सम्बन्ध रहेको हुन्छ ।
  - OBA कार्यक्रम कार्यान्वयन गर्न आवश्यक सामग्री उपलब्ध गराउने जिम्मेवारी कुनै तेस्रो पक्ष जस्तै सामग्री सप्लायर, निर्माण व्यवसायी आदिसित सम्झौता गरी तय गरिनेछ । साधारणतया सेवा प्रदान गर्ने जिम्मेवारी निजी फर्मलाई दिइनेछ । छनौट भएका उपभोक्ताले सेवा उपभोग गरे वापत तिर्नुपर्ने शुल्क बराबर वा त्यसको केही भाग सम्झौता अनुसार अनुदान सहयोग प्राप्त गर्नेछन् ।
  - सेवाग्राहीलाई सेवा प्रदान गर्नु भन्दा अघिसम्म कार्यक्रममा गर्नुपर्ने अग्रिम खर्चको लगानी तथा व्यवस्थापन गर्ने जिम्मेवारी पूर्ण रुपमा सेवा प्रदायकको हुनेछ । अर्थात उपभोक्ता समितिले आरम्भमा चर्पि निर्माणका लागि आर्थिक व्यवस्थापनको जिम्मेवारी लिनु पर्नेछ ।
  - आयोजना क्षेत्रभित्रका अनुदान सहयोगको खाँचोमा रहेका माथि उल्लेखित मापदण्ड भित्रका जोखिमयुक्त, निर्धन घरधुरीहरूलाई यो कार्यक्रममा मुख्य रुपमा लक्षित गरिएको छ ।
  - सेवाग्राहीले सेवा सुविधा प्राप्त गरिसकेपछि (सरसफाइका सुविधा (चर्पी) निर्माण) प्रतिफल प्राप्त गरिसकेको प्रमाणीकरण टोलीले स्थलगत अवलोकन गरी यकिन प्रमाणित वा पुष्टि पश्चात् मात्र सेवा प्रदायकलाई अनुदान सहयोग रकमको शोधभर्नाको लागि शिफारिस गरिनेछ ।

## ५. कार्यक्रममा दिइने सहयोगका क्षेत्रहरू

| |
|---|
| **(क) खानेपानीको धारा जडान :** आयोजनाको अनुदान कार्यक्रम अर्न्तगत प्रदान गरिने सहयोग कार्यक्रम हो । खानेपानीको धारा जडान कार्य निर्माण व्यवसायी मार्फत सम्पन्न गरिनेछ । अग्रिम रकम संकलन बापत सकलन हुने ५% रकमको कुल घरधुरी दामाशाहीले भाग गर्दा आउने प्रतिघर बराबर रकम धारा जडानका लागि छनौट भएका घरधुरीसँग हिसाव गरी अनुदान रकम अग्रिम रुपमा खानेपानी तथा सरसफाइ उपभोक्ता समिति वा संस्थालाई उपलब्ध गराइनेछ । |
| **(ख) सरससफाइ सुविधा अभिवृद्धि (स्थायी चर्पी) :** प्रतिफलमा आधारित अनुदान सहयोग कार्यक्रम अर्न्तगत निर्माण गर्नको लागि अनुदान सहयोग रु.१०,००० (दश हजार मात्र) उपलब्ध हुनेछ । चर्पीको प्यानको लेभलसम्म (सब-स्ट्रकचरसम्म) स्थायी संरचना निर्माणका लागि अधिकतम रु ९००० ( नौ हजार मात्र) बराबरको निर्माण सामग्री लगायत दक्ष कामदारको ज्याला र चर्पीघर (सुपर-स्ट्रकचर) का लागि रु १००० ( रु.एक हजार मात्र) उपलब्ध गराइने छ । अन्य आवश्यक लागत स्वयंम् घरधुरी र समिति/संस्थाले व्यवस्थापन गर्नु पर्नेछ । |

## ६. प्रतिफलमा आधारित सहयोग कार्यक्रमका सकारात्मक पक्षहरू

- सामाजिक न्यायका हिसाबले सबै वर्गले सेवा सुविधा पाउनु नैसर्गिक अधिकारका रुपमा स्थापित भए अनुसार निर्धन वर्गलाई पनि कार्यक्रमले समेट्ने प्रयास गरेको छ। अनुदान सहयोग प्रदान स्वरुप तय गरिएको लक्षित समुदाय भनेको स्पष्ट रुपमा छनौट भएका गरीबीको रेखामुनि रहेका वर्गहरू हुन्। यो कार्यक्रम साधारणतया गरीब वर्गहरूलाई सेवा अभिवृद्धिका लागि संचालन गरिन्छ।
- यस कार्यक्रमको हरेक कृयाकलाप पारदर्शी तथा सबैले सहजै जानकारी लिन सक्ने खालको हुन्छ। अनुदान सहयोग कसलाई र के वापत दिइने र कतिसम्म प्राप्त हुनेछ भन्ने कुरा स्पष्ट रुपमा तोकिएको छ।
- यो आयोजनामा सहभागी सबैलाई सहयोग कसले, कसलाई र के वापत दिइन्छ भन्ने कुराको स्पष्ट जानकारी हुने भएकोले कार्यक्रमलाई पारदर्शी बनाउन सहयोग पुऱ्याउनेछ।
- प्रतिफल वा सेवा प्राप्त गरीसकेपछि मात्र भुक्तानी दिने व्यवस्था भएकोले गुणस्तरहीन काम गर्दा हुने जोखिमको असर सेवा प्रदायकलाई पर्ने कुरा स्वतः रहेको छ। त्यसकारण सेवा प्रदायकले प्रभावकारी रुपमा कामको जिम्मेवारी वहन गरी क्रियाकलाप सञ्चालन गर्नुपर्ने हुन्छ।
- पुर्व निर्धारित अनुदान सहयोग दिने व्यवस्थाले नौलो, नयाँ विचार र तरीका सिर्जना गरी समय र पैसा खेर नजाने गरी प्रभावकारी तरीकाले काम गर्न प्रोत्साहन दिनेछ।
- अनुदान सहयोग दिने व्यवस्थाले निजी क्षेत्रमा पूँजी, ज्ञान तथा सीप परिचालन गर्न प्रोत्साहित गर्नेछ।
- प्रतिफललाई केन्द्रमा राखेर प्रतिफलमा आधारित सहयोग (OBA) कार्यक्रमले परिणाम पत्ता लगाउने व्यवस्था आफैमा आत्मसात् गरेको छ।

## ७. प्रतिफलमा आधारित सहयोग कार्यक्रमका मुख्य सरोकारवालाहरूको भूमिका र दायित्व

प्रतिफलमा आधारित सहयोग (OBA) कार्यक्रम कार्यान्वयन गर्ने क्रममा विभिन्न सरोकारवालाहरूको प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा संलग्नता रहेको छ। यी विभिन्न सरोकारवालाहरूले विभिन्न चरणमा महत्वपुर्ण तथा फरकफरक जिम्मेवारी र भूमिका निर्वाह वहन गर्नुपर्ने हुन्छ। यस कार्यक्रममा खानेपानी उपभोक्ता तथा सरसफाइ समितिको भूमिका केन्द्रीय रुपमा रहेपनि अन्य सरोकारवालाहरूको पनि त्यतिकै दायित्व र भूमिका रहेको छ। त्यसकारण यसका संलग्न सरोकारवालाहरूको भूमिका र जिम्मेवारीबारे जानकारी प्राप्त गर्नु अति आवश्यक छ। यस कार्यक्रमका मुख्य सरोकारवालाहरूको भूमिका र जिम्मेवारी निम्न अनुसार रहेको छ :

**प्रतिफलमा आधारित सहयोग कार्यक्रमका मुख्य सरोकारवालाहरू:**

१. खानेपानी उपभोक्ता तथा सरसफाइ संस्था/समिति
२. क्षेत्रीय डिजाईन सुपर्विक्षण तथा व्यवस्थापन परामर्शदाता (RDSMC)
३. क्षेत्रीय आयोजना व्यवस्थापन कार्यालय/आई.सि.जी (ICG)
४. आयोजना व्यवस्थापन कार्यालय/पि.एम.क्यू.ए.सी (PMQAC)
५. अनुदान सहयोगको लागि छनोट भएका घरधुरी
६. प्रमाणीकरणकर्ता
७. सप्लायर/निर्माण व्यवसायी
८. स्थानीय गैसस, सामुदायिक संस्था, समुदाय, शिक्षक, राजनैतिक पार्टी, सामाजिक-स्वास्थ्य कार्यकर्ता आदि।
९. सामुदायिक प्राविधिक आदि।
१०.स्थानीय सरकार (नगरपालिका/गाउँपालिका)
११.सामुदायिक प्राविधिक तथा प्लम्बर आदि
१२.गाउँपालिका/नगरपालिका स्तरीय खानेपानी, सरसफाइ तथा स्वच्छता समन्वय समिति (Rural Municipality/MunicipalityWASH-CC)

## ७.१ खानेपानी उपभोक्ता तथा सरसफाइ संस्था/समिति

- सरोकारवालालाई जानकारी गराउने, छलफल गर्ने, निवेदन माँग गर्ने, सो उपर चेकजाँच गर्ने ।
- अन्तिम सूची बनाउने, स्थानिय सरकारसँग समन्वय साथै सहमति लिएर र स्वीकृत गरी सम्झौता गर्ने ।
- सेवा सुविधा विवरणको विकल्प तय गर्ने र निर्माणका लागि समय तालिका बनाउने ।
- नियमित कार्यक्रमका अनुगमन, निरीक्षण, प्रगति समीक्षा गर्ने, सुधारका लागि पहल गर्ने ।
- समस्या आएमा सम्बन्धित सरोकारवालासंग छलफल गरी निकास निकाल्न पहल गर्ने ।
- सेवा सुविधा सम्पन्न भएको जानकारी क्षेत्रीय आयोजना व्यवस्थापन कार्यालय/आइ.सि.जि. लगायत प्रमाणीकरण टोलीलाई गराउने ।
- प्रमाणीकरण टोलीले दिएको प्रतिवेदन बुझेर सो अनुसार प्रगति समीक्षा गर्ने र सुधारका लागि निर्देशन सहित पहल गर्ने ।
- प्रमाणीकरण टोलीले दिएको प्रतिवेदन अनुसार प्रमाणीकरण भएका सेंवा सुविधाहरुको रकम सोधभर्नाको लागि माग गर्ने ।

## ७.२ क्षेत्रीय डिजाइन, सुपरिवेक्षण तथा व्यवस्थापन परामर्शदाता (RDSMC)

प्रतिफलमा आधारित सहयोग OBA कार्यक्रम छनौट, कार्यान्वयन तथा अनुगमन क्रियाकलापमा क्षेत्रीय डिजाइन, सुपरिवेक्षण तथा व्यवस्थापन परामर्शदाताको महत्वपूर्ण भुमिका रहेको छ । यसमा मुख्यतया निम्न क्रियाकलापहरु रहेका छन् ।

- शहरी आयोजनाको सामाजिक आर्थिक प्रोफाइल तयार गर्ने ।
- सो अध्ययनबाट प्राप्त तथ्यांक अनुसार आयस्तरको आधारमा विवरण तयार गर्ने तथा मासिक आय रु १३,५०० भन्दा कम भएका घरधुरीहरुको पहिचान गरी सम्भावित सूची तयार गर्ने ।
- गरीब घरधुरी छनौटका आधार सूचकहरु बनाउने । तय भएको मापदण्डका आधारमा छनौट गर्न सहयोग गर्ने । सामाजिक परिचालक र अन्य सरोकारवालासंग समन्वय गरेर कार्य गर्ने ।
- समुदायमा प्रतिफलमा आधारित सहयोग बारेमा टोल तथा वार्ड तहमा छलफल गरी आवश्यक जानकारी-सूचना प्रदान गर्ने ।
- सहयोग कार्यक्रमको प्रारम्भदेखि समन्वय गर्दै छनौट, सम्झौता, निर्माण आदि प्रक्रियामा समन्वयकारी भूमिका खेल्ने ।
- सहयोग पाउने घरधुरीको प्रारम्भिक सूची बनाउन, चेकजाँच गर्न, पहिचान गरी अन्तिम सूची बनाउन सहयोग गर्ने ।
- खानेपानी उपभोक्ता तथा सरसफाइ संस्था/समितिलाई सहयोग पाउने घरधुरीको पहिचान गरी स्वीकृति दिन र सेवाका लागि सम्झौता गर्न सहयोग तथा समन्वय गर्ने ।
- प्राविधिक तथा सामाजिक परामर्शदाताका रुपमा आवश्यक परामर्श प्रदान गर्ने ।
- छनोट भएका घरधुरीहरुलाई चर्पीको विभिन्न मोडेलहरु तयार गरी उपलब्ध गराउने र त्यस मध्येबाट सेवाग्राहीले रोजेको चर्पी मोडेल निर्माण गर्न आबश्यक प्राविधिक परामर्शमा सहजीकरण गर्ने ।
- चेकजाँच तथा अनुगमनका लागि प्रमाणीकरण टोलीको (प्राविधिक र सामाजिक) सदस्यका रुपमा काम गर्ने ।
- निर्माण सम्पन्न भएपछि र १.५ महिना (४५ दिन) पश्चात् अनुगमन/निरीक्षण गर्ने र प्रतिवेदन पेश गर्ने ।

## ७.३ क्षेत्रीय आयोजना व्यवस्थापन कार्यालय/कार्यान्वयन मुल समुह (आई.सी.जी.)

- प्रतिफलमा आधारित सहयोग कार्यक्रमबारे आवश्यक जानकारी र सूचना प्रदान गर्ने ।
- सहयोग पाउने घरधुरीका पहिचान र छनौट भएपछि सूची अनुसार खानेपानी उपभोक्ता तथा सरसफाइ संस्था/समितिसंग सम्झौता गर्ने ।
- प्रतिफलमा आधारित सहयोग कार्यक्रमको आवश्यक समन्वय-रेखदेख, प्राप्त प्रतिवेदन समीक्षा गर्ने तथा आवश्यक सुझाव दिने ।
- प्रमाणीकरण टोलीले अनुगमन तथा निरीक्षण गरेर प्रमाणीकरण पश्चात् खानेपानी उपभोक्ता तथा सरसफाइ संस्थाले माग गरे बमोजिम शोधभर्ना रकम उपलव्ध गराउने ।
- सबै सरोकारवाला तथा समग्र कार्यक्रमको समन्वय गरी आएका समस्यालाई समाधान गरी समय तालिका अनुसार कार्यक्रमलाई अगाडि बढाउने ।

## ७.४ आयोजना व्यवस्थापन कार्यालय/आयोजना व्यवस्थापन तथा गुणस्तर सुनिश्चितता परामर्शतदाता (PMQAC)

आयोजना व्यवस्थापन कार्यालय केन्द्रिय तहमा रहेर सम्पुर्ण आयोजनाहरुको समन्वय, प्रगति समीक्षा, आएका समस्याहरुको निराकरण लगायत आवश्यक व्यवस्थास्थन समेत कार्य गर्ने, गराउने कार्य गरिरहेको छ । संक्षिप्त रुपमा  निम्न कार्यहरु रहेका छन् :

- केन्द्रिय तहमा रहेर आवश्यक नीति निर्देशन बनाउने ।
- आवश्यक कार्यविधि/प्रक्रिया तय गरी अनुदान सहयोग कार्यक्रमबारे निर्देशिका बनाई लागू गर्ने ।
- आवश्यकता अनुसार तालिम, गोष्ठी संचालन गरी कार्यक्रम प्रभावकारी रुपमा लागू गर्ने ।
- कार्यक्रमको प्रगति समीक्षा र अनुगमन तथा निरीक्षण गर्ने ।
- अनुदान सहयोग कार्यक्रमका प्रगतिका बारेमा आवश्यक परामर्श र सुझाब दिने ।

आयोजना व्यवस्थापन कार्यालयका क्रियाकलापहरुमा आवश्यक परामर्श तथा व्यवस्थापन कार्यमा सहयोगका लागि विभिन्न बिषयगत विज्ञहरु सहितको आयोजना व्यवस्थापन तथा गुणस्तर सुनिश्चितता परामर्शदाता (PMQAC) रहेको छ । जसले प्राविधिक, सामाजिक तथा वातावरणिय (सुरक्षण), प्रतिफलमा आधारित अनुदान सहयोग कार्यक्रम, आवश्यक तालिम संचालन तथा परामर्श तथा अनुगमन कार्य गरी गुणस्तरको सुनिश्चितता गर्दछ ।

साथै प्रतिफलमा आधारित अनुदान सहयोग कार्यक्रममा छनौट भएका घरधुरीहरुको सुची तयार भएपछि आयोजना व्यवस्थापन तथा गुणस्तर सुनिश्चितता परामर्शतदाताका सामाजिक विकास विज्ञ (लैससास) ले सहरी आयोजना भ्रमण गरी नमुना घरधुरीहरुको जाँचगरी प्रमाणीकरण गर्नेछ । प्रतिफलमा आधारित अनुदान सहयोग कार्यक्रममा छनौट भएका घरधुरीहरु, चर्पी निर्माण भएका घरधुरीहरु, अनुदान सहयोगबाट धारा जडान भएका घरधुरीहरुको आयोजनाको कार्यान्वयन निर्देशिका र PAM को आधारमा अनुगमन तथा निरीक्षण गर्ने छ ।

## ७.५ सेवा सुविधाका लागि छनौट भएका घरधुरी

- सेवा सुविधा प्राप्त गर्न सूचक अनुसार छनौट भएका घरधुरीहरुले तोकिएको भूमिका र शर्तहरु पालना गर्नुपर्ने हुन्छ ।
- प्रतिफलमा आधारित सहयोगका लागि निवेदन दिने, छलफलमा भाग लिने, छनौट भई सकेपछि खानेपानी उपभोक्ता तथा सरसफाइ संस्था/समितिसंग सम्झौता गरी सो बमोजिम काम गर्ने ।

- निर्माण योजनाको तोकिएको समयावधि अनुसार सिफारिश गरिएको प्रकार अनुसार गुणस्तरीय संरचना निर्माण गर्ने ।
- निर्माण सम्पन्न भएपछि सम्बन्धित सरोकारवालाहरू जानकारी गराउने ।
- निर्माणपश्चात् संरचनाको राम्ररी सदुपयोग गर्ने, भित्र बाहिर सरसफाइ राख्ने । मर्मत सम्भार राम्ररी गर्ने । घरमा सबै सदस्यले चर्पीको उपयोग गर्ने ।

## ७.६ प्रमाणीकरण टोली (Verification Team)

- अनुगमन तथा प्रमाणीकरण टोलीमा क्षेत्रीय डिजाइन, सुपरिवेक्षण तथा व्यवस्थापन परामर्शदाताका सामाजिक परिचालक सामाजिक पक्षमा र प्राविधिक पक्षमा सुपरिवेक्षण इञ्जिनियर तथा आइसीजीका प्रतिनिधिहरु (इञ्जिनीयर र सामाजिक परिचालक) रहने छन् ।
- प्रमाणीकरण टोलीले निर्माण चरणमा सम्पन्न भएका सेवा सुविधाहरुको अनुगमन र निरीक्षण गर्नेछ । निर्माण चरणमा काम कसरी सम्पन्न भयो ? गुणस्तर तथा सेवा सुविधाको उपयोग कसरी भइरहेछ ? वा सम्पन्न नभएमा के कति काम बाँकी छ ? साथै आवश्यक सुझाब दिई सम्पन्न कार्यको प्रमाणीकरण गरी प्रतिवेदन सम्बन्धित सरोकारवालाहरू र खानेपानी उपभोक्ता तथा सरसफाइ संस्थालाई पेश गर्नेछ ।
- काम सम्पन्न नभएका घरधुरीमा निरीक्षणका लागि पुनः आउने मिति तय गरी जानकारी गराउने छ ।
- त्यसैगरी, निर्माण पश्चात् १.५ महिनापछि पुनः अनुगमन तथा निरीक्षण गर्नेछ । सेवा सुविधाको उपयोग कसरी भइरहेछ ? मर्मत सम्भार तथा सरसफाइको स्थिति के छ आदि बारे जानकारी लिइने छ । साथै आवश्यक सुझाब दिई सम्पन्न कार्यको प्रमाणीकरण गरी सम्बन्धित सरोकारवालालाई प्रतिवेदन पेश गर्नेछ ।
- तर सन्तोषजनक रुपमा काम सम्पन्न नभएको पाइएमा प्रमाणीकरण टोलीले घरधुरीमा निरीक्षणका लागि पुनः आउने मिति तय गरी जानकारी गराउने छ ।

## ७.७ सप्लायर/निर्माण व्यवसायी

- आयोजनाको निर्माण व्यवसायीले धारा जडान कार्य गर्नेछ भने सरसफाइ सुविधा अभिवृद्धिका लागि चर्पी निर्माण कार्यका लागि भने खानेपानी उपभोक्ता समिति/संस्थाले तय गरेका विकल्प बमोजिम हुनेछ ।
- प्रतिफलमा आधारित सहयोग कार्यक्रमका लागि सेवा सुविधा निर्माणका लागि आवश्यक गुणस्तरीय सामग्री उपलब्ध गराउने जिम्मेवारी सप्लायरको रहनेछ ।
- खानेपानी उपभोक्ता समिति/संस्थाले तय गरेको प्याकेज अनुसार भौचर दिएपछि सामग्री सप्लायरलेप्रदान गर्नेछ। सो काम गरेबापत संस्था/समितिले शोधभर्नाको लागि व्यवस्था मिलाउने छ ।
- खानेपानी उपभोक्ता समिति/संस्थाले निर्णय गरी जिम्मेवारी दिएमा गुणस्तरीय सामग्री उपलब्ध तथा निर्माणको कार्य समेत गर्ने जिम्मेवारी सप्लायर/निर्माण व्यवसायी रहने छ। सरसफाइ सुविधा अन्तर्गतचर्पी  निर्माणको कार्य  गर्नुपर्नेछ ।

## ७.८ स्थानीय गैसस, सामुदायिक संस्था, समुदाय, शिक्षक, राजनीतिक पार्टी, सामाजिक-स्वास्थ्य कार्यकर्ता आदि:

- सरोकारवालासँग जानकारी लिने,छलफलमा भाग लिने, निवेदन संकलन गर्न सहयोग गर्ने ।
- चेकजाँच गरीअन्तिम सूची बनाउन  र स्वीकृत गर्न सहयोग गर्ने  ।
- सेवा सुविधा निर्माण गर्नका लागि कसरी निर्माण गर्ने हो सोको विकल्प तय गर्न र निर्माणका लागि समय तालिका बनाउन सहयोग गर्ने ।

- नियमित कार्यक्रमका अनुगमन, निरीक्षण, प्रगति समीक्षा गर्ने, सुधारका लागि पहल गर्ने कार्यमा सहयोग गर्ने ।
- आएका समस्याहरूलाई सरोकारवालासंग छलफल गरी समाधान गर्न सहयोग गर्ने ।
- पहिचान र छनौट भएपछि सूची अनुसार खानेपानी उपभोक्ता तथा सरसफाइ संस्था/समितिसँग सम्झौता भए अनुसार कामको समीक्षा गर्ने ।

### ७.९ स्थानीय सरकार (नगरपालिका/गाउँपालिका)

- प्रतिफलमा आधारित सहयोग कार्यक्रका लागि छनौट भएका घरधुरीको नामावलीलाई सहमति प्रदान गर्ने ।
- प्रतिफलमा आधारित सहयोग कार्यक्रममा आवश्यकता अनुसार सहयोग प्रदान गर्ने ।
- आवश्यक रेखदेख, सहयोग र समन्वयको कार्य गर्ने ।
- आएका समस्याहरूलाई सरोकारवालासंग बसी छलफल गरेर समाधान निकाल्न सहयोग गर्ने ।
- भैरहेका अन्य यस्तै प्रकारका कार्यक्रमसंग सम्पर्क र समन्वय गर्ने ।

### ७.१० सामुदायिक प्राविधिक तथा प्लम्बर

- तोकिएको डिजाइन र मापदण्ड अनुसार धारा जडान कार्य तथा सरसफाइका सुविधाहरुको निर्माणमा महत्वपूर्ण भूमिका रहने ।
- गुणस्तरीय निर्माण काम गर्न गराउने घरधुरीमा प्रत्यक्ष संलग्न रहने ।
- छानिएको प्रकार अनुसार कामको निर्माण तथा रेखदेख गर्ने ।

### ७.११ गाउँपालिका/नगरपालिका स्तरीय खानेपानी, सरसफाइ तथा स्वच्छता समन्वय समिति RM/M-WASH-CC

- सूचक तयार गर्न आवश्यक मापदण्ड तयार गर्न आवश्यक सहयोग तथा समन्वय गर्ने ।
- OBA का लागि सुचि तयार गर्न र तयार भएको सूचीलाई सार्वजनिक गर्न सहयोग गर्ने ।
- सूची सार्वजनिक गरेपछि RM/M-WASH-CC बाट विवादरहित किसिमले अनुमोदन गर्ने ।

## ८. प्रतिफलमा आधारित अनुदान सहयोग (OBA) कार्यक्रम कार्यान्वयन गर्ने प्रक्रियाको संक्षिप्त जानकारी

प्रतिफलमा आधारित सहयोग (OBA) कार्यक्रम चार चरणको प्रक्रियालाई समेटेर कार्यान्वयन गरिने व्यवस्था गरिएको छ । कार्यक्रम कार्यान्वयनका लागि चार चरणहरुमा निम्न अनुसार क्रियाकलापहरु संचालन हुनेछन् :

### ८.१ पहिलो चरण : पहिचान र छनौट (Identification and Selection)

(क) सबैभन्दा पहिला गरीब तथा अन्य निर्धारण भएको सूचकहरुबारे स्पष्ट हुन आवश्यक रहेको छ । १०० % घरधुरी सर्वेक्षणबाट तयार गरिएको सामाजिक आर्थिक प्रोफाइलबाट प्राप्त तथ्याङ्कको आधारमा खण्डीकृत तथ्यांकलाई सन्दर्भ सामग्रीका रुपमा मानेर उपयोग गरिनेछ । साथै आवश्यक तथ्यांकहरु पुनःताजगी गरी वास्तविक तथ्यांक संकलन गरी खण्डीकृत तथ्यांक व्यवस्थापन गरिनेछ । सेवा सुविधा पाउने घरधुरीको लागि RM/M-WASH-CC को समन्वय तथा सहयोग लिएरतथ्यांक  तयार गरिनेछ ।

(ख) सरसफाइ सुविधा (स्थायी चर्पी) नभएका घरधुरीहरू जसको रु.१३,५००।- भन्दा कम मासिक आम्दानी छ, त्यस्ता घरधुरीको सूची तयार गरिनेछ ।

(ग) OBA कार्यक्रमबारे टोल तथा समुदाय स्तरमा समाजका अगुवाहरू जस्तै शिक्षक, सामाजिक कार्यकर्ता, राजनैतिक पार्टीका प्रतिनिधि, महिला आदिलाई सहभागी गराई व्यापक प्रचार प्रसार गरिने छ र सबैलाई आयोजनामा समावेश गराई आयोजनाको लाभ र दायित्व बारे जानकारी गराइनेछ । यस आयोजनामा समावेश हुन योग्य घर परिवार सेवाबाट वञ्चित हुन नपरोस् तथा त्यस्ता घरधुरीहरु नछुटुन् भन्ने उद्देश्यले बिशेष सावधानी अपनाइने छ ।

(घ) प्रतिफलमा आधारित सहयोग प्राप्त गर्न योग्य सबै इच्छुक घर परिवारबाट निवेदन संकलन गरेपछि पहिलो चरणको कार्य समाप्त हुनेछ ।

(ङ) यसको लागि १५ दिनदेखि १.५ महिनासम्म समय आवश्यक हुन्छ ।

## ८.२ दोस्रो चरण : स्वीकृति तथा सम्झौता (Approval and Agreement)

(क) सरसफाइ सुविधा लिन इच्छुक घर परिवारको निवेदन पुनःअवलोकन गरिनेछ ।

(ख) प्राप्त निवेदन उपर चेकजाँच गरी टोल/घरधुरीमै गएर अनुगमन गरी वास्तविक जानकारी प्राप्त गरिनेछ । सो कार्यमा वडा नागरिक मञ्चको (Ward Citizen Forum) सहयोग लिन सकिनेछ ।

(ग) टोल, वडा तथा क्लस्टर तहमा छलफल, अन्तरक्रियाबाट जानकारी प्राप्त गरी निवेदन उपर छानबिन गरिने छ ।

(घ) सेवा प्राप्त गर्ने घरधुरीहरू छुटेका भए पुनः जानकारी गराएर निवेदन संकलन गरिने छ ।

(ङ) अनुगमन र चेकजाँच गरीसकेपछि अनुदान सहयोग पाउने घरधुरीको अन्तिम नामावली तयार गरिनेछ ।

(च) साथै प्रतिफलमा आधारित अनुदान सहयोग कार्यक्रममा छनौट भएका घरधुरीहरुको सुची र भएपछि आयोजना व्यवस्थापन तथा गुणस्तर सुनिश्चितता परामर्शतदाताका सामाजिक विकासविज्ञ (लैससास) ले सहरी आयोजना भ्रमण गरी नमुना घरधुरीहरुको जाँचगरी प्रमाणीकरण गर्नेछ ।

(छ) तयार भएको सूची खानेपानी उपभोक्ता तथा सरसफाइ समितिको कार्यालय तथा गाउं/नगरपालिकामा सार्वजनिक गरी राखिनेछ । सूची सार्वजनिक गरेपछि गाउं/नगरपालिकाबाट अनुमोदन गराई खानेपानी उपभोक्ता तथा सरसफाइ समितिले क्षेत्रीय आयोजना व्यवस्थापन कार्यालयमा पेश गर्नेछ ।

(ज) प्रतिफलमा आधारित सहयोग कार्यक्रममा लागि घरधुरी छनौट भइसकेपछि खानेपानी उपभोक्ता तथा सरसफाइ समितिले क्षेत्रीय आयोजना व्यवस्थापन कार्यालयसँग अनुदान सहयोग कार्यक्रम कार्यान्वयनका लागि आवश्यक सम्भौता गर्नुपर्नेछ । सो सम्झौतामा सेवा प्राप्त गर्ने संख्या र लागतको अधिकतम सीमा तय गरिने छ । साथै कार्यक्रम कार्यान्वयन गर्दा त्यसैका आधारमा उपभोक्ता समितिलाई भुक्तानी गरीने प्रावधान रहेको छ ।

(झ) घरधुरी छनौट भइसकेपछि सवै सहयोगका लागि छनोट घरधुरीसँग अनुदान सहयोगका शर्तहरू र तिनीहरूले व्यहोर्न पर्ने दायित्वका बारेमा उल्लेख गरी अनुदान सहयोग सम्झौतापत्रमा हस्ताक्षर गरी सम्झौता गरिनेछ ।

(ञ) सम्झौता पत्रलाई आधार मानेर निर्माण कार्य आरम्भ गर्नका लागि आवश्यक समयतालिका तयार गरी स्वीकृत गरिनेछ ।

यसको लागि १५ दिनदेखि १.५ महिना सम्म समय आवश्यक हुन्छ ।

## ८.३ तेस्रो चरण : निर्माण तथा अनुगमन र जाँच (Construction, Monitoting &Varification)

(क) खानेपानी उपभोक्ता संस्थाले निर्माण कार्यका लागि सामग्री उपलब्ध गराउन र निर्माण गर्नका लागि सम्बन्धित सरोकारवालासंग छलफल गरेर प्रस्ताव गरिएका तरीकाहरू/विकल्पहरुमध्ये कुन स्थानीय तहमा कार्यान्वयन गर्न उपयुक्त हुन्छ ? सोको निर्णय गरी लागु गर्नेछ ।

(ख) समय तालिका अनुसार चर्पीको निर्माण गरिनेछ ।

(ग) समयतालिका अनुसार र दिइएको निर्धारित डिजाइन मुताबिक काम सम्पन्न भएको छ वा छैन जँच गरिनेछ । यदि काम सम्पन्न भएको भए रकम भुक्तानीको लागि सिफारिश गरिनेछ भने सम्पन्न नभएमा जाच गर्ने अर्को मिति तय गरिनेछ ।

(घ) सरसफाइ सुविधातर्फ स्थायी चर्पी निर्माण सम्पन्न भई उपयोग भई सकेको हुनु पर्नेछ । प्रमाणीकरण टोलीले सोको प्रमाणीकरण गरेपछि ८० प्रतिशत रकम (रु.८०००) अनुदान उपलब्ध हुनेछ ।

(ङ) यसको लागि ३ महिना देखि ६ महिनासम्म समय आवश्यक हुन्छ ।

## ८.४ चौथो चरण : निरीक्षण र मूल्याङ्कन (Monitoring & Evaluation)

(क) प्रतिफलमा आधारित सहयोग कार्यक्रम सम्पन्न भएको १.५ महिनापछि पुर्व निर्धारित समयतालिका अनुसार सरसफाइ सुविधा अन्तर्गत चर्पी निर्माणको निरीक्षण र मूल्याङ्कन गरिनेछ ।

(ख) चर्पी सही किसिमले निर्माण भएको वा नभएको, परिवारका सबै सदस्यले प्रयोग गर्ने गरेको वा नगरेको, सदुपयोग भएको वा नभएको, सरसफाइको अवस्था आदि मुल्याङ्कन गरिनेछ ।

(ग) सेवाको सदुपयोग, सरसफाइ सहित मर्मत सम्भारको स्थिति समेतको निरीक्षण र मूल्याङ्कनपछि प्रमाणीकरण टोलीबाट प्रमाणीकरण भएपछि बाकी रहेको अनुदान सहयोग रकम सरसफाइ अभिवृद्धितर्फ २० प्रतिशत (रु.२०००) अनुदान उपलब्ध हुनेछ ।

(घ) तर प्रमाणीकरण टोलीको निरीक्षण र मूल्याङ्कनपछि त्यहाको अवस्था अनुसार (निर्माण सम्पन्न, सदुपयोग, मर्मत सम्भार, सरसफाइ आदि) सुधार गर्नुपर्ने भएमा अर्को भ्रमणको मिति तय गरिनेछ र अनुदान रकम उपलब्ध हुनेछैन ।

# ९. सेवा सुविधा प्राप्त गर्ने घरधुरीहरूको छनौट प्रक्रिया तथा वितरण प्रणाली :

(अ) सेवा सुविधा प्राप्त गर्ने घरधुरीहरूको छनौट प्रक्रिया

माथि उल्लेखित प्रक्रिया बमोजिम छनौट कार्य सम्पन्न गरिनेछ ।

(आ) सेवा सुविधा वितरण प्रणालीः चर्पी निर्माणका विभिन्न विकल्पहरूमाथि छलफल गरी उपयुक्र विकल्पको छनौट गरिनेछ ।

### (क) खानेपानीको धारा जडान

खानेपानीको धारा जडानकार्य निर्माण व्यवसायी मार्फत सम्पन्न गरिनेछ । अग्रिम रकम संकलन बापत सकलन हुने ५% रकमको कुल घरधुरी दामाशाहीले भाग गर्दा आउने प्रतिघर बराबर रकम धारा जडानका लागि छनौट भएका घरधुरीसँग हिसाव गरी अनुदान रकम खानेपानी तथा सरसफाइ उपभोक्ता समिति वा संस्थालाई उपलब्ध गराइनेछ ।

अनुदान रकम हिसाब गर्ने सूत्र : $\frac{\text{अग्रिम रकम (५\%)} \times \text{धारा जडानका लागि छनौट भएका घरधुरी}}{\text{जम्मा घरधुरी}}$

खानेपानी धारा जडान सुविधा मात्र लिन चाहने घरधुरीहरूमा चर्पी अनिवार्य हुनुपर्ने :
खानेपानी जडान सुविधा मात्र लिन चाहने छनोट भएका घरधुरीहरूमा अनिवार्य रुपमा स्थायी चर्पी भएको हुनु पर्नेछ। साथै चर्पीको उपयोग घरका सबै परिवार सदस्यहरूले सही रुपमा गरेको हुनुपर्छ। चर्पीको भित्र, बाहिर तथा वरिपरि सरसफाइ अवस्था राम्रो हुनुपर्नेछ।
धारा जडानका लागि छनौट भएका घरधुरीहरुमा धारा जडान भएपछि प्रमाणीकरण टोलीको भ्रमण पश्चात प्रमाणीकरण गरेपछि मात्र रकम शोधभर्ना गरीनेछ। आवश्यक फोटाग्राफ सहित प्रमाणीकरण टोलीले शिफारिस गर्नेछ।

## (ख) सरसफाइ अभिवृद्धिका लागि चर्पि निर्माण गर्न अपनाइने प्रस्तावित तरीका/विकल्पहरू :

आयोजनाले सरससफाइ सुविधा अभिवृद्धि (स्थायी चर्पी निर्माण) गर्नको लागि खानेपानी उपभोक्ता तथा सरसफाइ समितिलाई प्रतिफल प्राप्त भई अनुगमन र प्रमाणीकरण पश्चात मात्र अनुदान सहयोगस्वरुप छनौट भएका प्रति घर रु. १०,००० उपलब्ध गराउनेछ। तर प्रारम्भमा आर्थिक व्यवस्थापन स्वंयम् समिति/संस्थाले व्यवस्था गर्नु पर्नेछ। स्थायी चर्पी निर्माण गर्न चारवटा विकल्प/तरीकाहरु प्रस्तुत गरिएका छन्। खानेपानी उपभोक्ता तथा सरसफाइ समितिले सरोकारवालासंग छलफल गरेर नगर आयोजनाका लागि उपयुक्त विकल्प/तरीका छनौट गरेर लागू गर्न सक्नेछ।

➢ पहिलो तरीका/विकल्प :

| सेवाग्राही घरधुरीले सप्लायरबाट सामग्री ल्याएर स्थायी चर्पी आफै बनाउनेः |
|---|
| • सेवाग्राही घरधुरीले सप्लायरबाट सामग्री ल्याएर स्थायी चर्पी आफै बनाउनेः |
| • उपभोक्ता समितिले तोकिएको सप्लायरबाट सामाग्री ल्याएर सेवाग्राही घरधुरीले अदक्ष तथा दक्ष कामदार लगाएर स्थायी चर्पी निर्माण सम्पन्न गर्ने। |
| • अदक्ष कामदार तथा खाल्डो खन्ने, स्थानीय सामग्रीको व्यवस्था स्वयम् घरधुरी आफैले मिलाउने। |

➢ दोस्रो तरीका/विकल्प :

| सप्लायर/निर्माण व्यवसायीबाट सामग्री उपलब्ध गराई निर्माण समेत उनीहरूबाटै गराउने : |
|---|
| • उपभोक्ता समितिले व्यवस्था गरेको सप्लायर/निर्माण व्यवसायीबाट सेवाग्राही घरधुरीलाई प्याकेज बनाएर सूची अनुसार सामग्री उपलब्ध गराई स्थायी चर्पी निर्माण समेत उनीहरूबाटै गराउने व्यवस्था मिलाउने। |
| • अदक्ष कामदार तथा खाल्डो खन्ने, स्थानीय सामग्रीको व्यवस्था स्वयम् घरधुरी आफैले मिलाउने। |

➢ तेस्रो तरीका/विकल्प :

| उपभोक्ता समितिले निर्माणको सम्पूर्ण जिम्मेवारी लिई निर्माण गर्ने : |
|---|
| • उपभोक्ता समितिले सप्लायर/निर्माण व्यवसायीको व्यवस्था मिलाई प्रत्येक घरधुरीमा चर्पी निर्माण समेत गराउने व्यवस्था मिलाउने। |
| • प्राविधिक तथा दक्ष कामदारको व्यवस्था मिलाएर पालैपालो निर्माण सम्पन्न गर्ने। |
| • अदक्ष कामदार तथा खाल्डो खन्ने, स्थानीय सामग्रीको व्यवस्था स्वयम् घरधुरी आफैले मिलाउने। |

➢ चौथो तरीका/विकल्प :

| गैरसरकारी संस्था वा सामुदायिक संस्थाआदिलाई निर्माणको सम्पूर्ण जिम्मेवारी दिई निर्माण गर्ने : |
|---|
| • गैरसरकारी संस्था वा सामुदायिक संस्थाआदिसंग सम्झौता गरेर छानिएका प्रत्येक घरधुरीमा चर्पी निर्माण समेत गराउने व्यवस्था मिलाउने। |
| • प्राविधिक तथा दक्ष कामदारको व्यवस्था मिलाउन लगाउने। |
| • अदक्ष कामदार तथा खाल्डो खन्ने, स्थानीय सामग्रीको व्यवस्था स्वयम् घरधुरी आफैले मिलाउने। |

**(ग) अनुदान रकम शोधभर्ना विधिः** प्रतिफल प्रमाणीकरण पश्चात खानेपानी उपभोक्ता तथा सरसफाइ समिति/संस्थालाई

| सरसफाइ सुविधा अभिवृद्धिका लागि स्थायी चर्पी निर्माण | | | | | |
|---|---|---|---|---|---|
| **क.स.** | **अनुदान रकम** | **प्रतिशत** | **सम्पन्न हुनु पर्ने निर्माण/क्रियाकलाप** | **अनुगमन र निरीक्षण हुने चरण** | **शोधभर्ना हुने अवस्था** |
| (क) | पहिलो पटक | ८०% | स्थायी चर्पी निर्माण (सब र सुपर स्ट्रक्चर सहित) | तेस्रो चरणः निर्माण तथा अनुगमन र जाँच | प्रमाणीकरण टोलीले प्रमाणीकरण गरेपश्चात् |
| (ख) | दोस्रो पटक | २०% | सही उपयोग प्रयोग, सरसफाइ र मर्मतसंभार भएको, सबै परिवार सदस्यबाट उपयोग। | चौथो चरणः निरीक्षण तथा अनुगमन (सम्पन्न भएको १.५ महिनापश्चात्) | प्रमाणीकरण टोलीले प्रमाणीकरण गरेपश्चात् |
| | जम्मा | १००% | | | |

## परिशिष्ट : क:

## प्रतिफलमा आधारित सहयोग (OBA) कार्यक्रमका लागि आवश्यक फारमहरुको सूची

### पहिलो चरण : पहिचान र छनौट

- प्रतिफलमा आधारित सहयोगका लागि माग संकलन निवेदन : फारम-१
- प्रतिफलमा आधारित सहयोगका लागि सूची तयारीः फारम २

### दोस्रो चरण : स्वीकृति र सम्झौता

- प्रतिफलमा आधारित सहयोग सम्झौता पत्र : फारम-३ (खानेपानी उपभोक्ता तथा सरसफाइ संस्था र आयोजना व्यवस्थापन कार्यालय/क्षेत्रीय आयोजना व्यवस्थापन कार्यालय)
- छनौट भएका घरधुरीसँग चर्पी निर्माणका लागि सम्झौतापत्रः फारम-४

### तेस्रो चरण : निर्माण तथा अनुगमन र जाँच

- चर्पि निर्माण भएका घरधुरीहरुको अनुगमन तथा चेकजाँच : फारम-५
- रकम शोधभर्नाका लागि प्रमाणित सुचि र तस्विर सहितको विवरण फारम-६

### चौथो चरण : निरीक्षण र मूल्यांकन

- चर्पीको अनुगमन तथा मूल्यांकन : फारम-७ (निर्माण भएको १.५ महिना पश्चात गरिने अनुगमन र मूल्यांकन गरिने फारम)
- धारा जडान भएका (अनुदानबाट) घरधुरीहरुको रकम शोधभर्नाका लागि अनुगमन फारम : फारम-८

## माग संकलन निवेदन फारम :  फारम-१

शहरी खानेपानी तथा सरसफाइ आयोजना
प्रतिफलमा  आधारित सहयोग (OBA) कार्यक्रम
खानेपानी उपभोक्ता तथा सरसफाइ समिति

**(स्थायी चर्पी निर्माण तथा धारा जडानका लागि सहयोग माग निवेदन फारम)**

आयोजनाको नामः : ......................................................................

निवेदकको नाम थर : ..........................................................................

ठेगाना : .................................................................(१ वा २ मध्ये कुन सेवा सुविधा आवश्यकता भएको हो चिन्ह लगाउने)

१) मेरो घरमा हाल चर्पी नभएको/कच्ची चर्पी भएको/पुरानो चर्पी भएको (तर मर्मत गर्नुपर्ने अवस्थामा भएको) ले सरसफाइ सुविधा अभिवृद्धिका लागि चर्पी निर्माणगर्न अनुदान सहयोग आवश्यक भएकोले सहयोगको लागि अनुरोध गर्दछु । मेरो आर्थिक हैसियत आयोजनाले तय गरेको अनुदान पाउने सुचक घरधुरी भित्र रहेको र अनुदान प्राप्त भएमा तोकिएको मापदण्ड अनुसार चर्पीको बनाइ सहि तरिकाले उपयोग गर्ने प्रतिवद्धता पनि व्यक्त गर्दछु । साथै अनुदान सहयोग कार्यक्रमबाट धारा जडान सुविधाको लागि पनि अनुरोध गर्दछु ।

२) मेरा घरमा स्थायी चर्पी भएकोले धारा जडानका लागि मात्र अनुरोध गर्दछु ।

मेरो घर परिवारको मासिक आम्दानी अन्दाजी रु. ............परिवार संख्याः.......महिला......पुरुष....... जम्माः............................

निवेदकको दस्तखत

मितिः ........................

(घरमुली/सदस्य)

सेवाको माग : कः दुबै चर्पी निर्माण तथा धारा जडान (......................)

खः धारा जडान मात्र (...................) (स्थायी चर्पी भएको अवस्थामा)

## प्रतिफलमा आधारित सहयोगका लागि सूची तयारी फारमः फारम २

शहरी खानेपानी तथा सरसफाइ आयोजना

प्रतिफलमा आधारित सहयोग कार्यक्रम

(प्रतिफलमा आधारित अनुदान सहयोगका लागि उपभोक्ता संस्थाबाट प्रस्तावित)

आयोजनाको नामः : ..................................................

जिल्ला :..........................................................................

आयोजना क्षेत्रभित्र रहेका जम्मा घरधुरी संख्याः .....................................

चर्पी निर्माणका लागि ओविएबाट सहयोग प्राप्त गर्न योग्य घरधुरी संख्या :..................अनुदानबाट धारा जडानका लागि छानिएका घरसंख्या :.........................

आवश्यक जम्मा रकम :

अनुदानबाट धारा जडानका लागि जम्मारकम रु. ..........................ओविएबाटचर्पी निर्माणका लागि जम्मा रकम रु :...................गरी कूल जम्मा रकम रु :..................................

| वार्ड न. | घरधुरी संख्या | ओविए (सरसफाइमा) अनुदान (चर्पी निर्माण) तथा अनुदानमा धारा जडान संख्या | | | | जम्मा अनुदान सहयोग रकम रु |
|---|---|---|---|---|---|---|
| | | चर्पी | धारा जडान | अन्य | जम्मा रु. | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |

प्रस्तुतकर्ता

नामः......................................पदः............................हस्ताक्षर : ................मिति

छापः..............

(खानेपानी उपभोक्ता तथा  सरसफाइ समिति)

## प्रतिफलमा आधारित सहयोग सम्झौता पत्र: फारम-३

**नेपाल सरकार**

**खानेपानी मन्त्रालय**

खानेपानी तथा ढल व्यवस्थापन विभाग

**शहरी खानेपानी तथा सरसफाइ आयोजना**

आयोजना व्यवस्थापन कार्यालय/क्षेत्रीय आयोजना व्यवस्थापन कार्यालय,

................

............ खानेपानी तथा सरसफाइ उपभोक्ता समिति/संस्थासँग प्रतिफलमा आधारित सहयोग कार्यक्रम कार्यान्वयन तथा धारा जडान लागि सम्झौता तथा शर्तहरु

मिति : २०७../../..

१. यस शहरी खानेपानी तथा सरसफाइ आयोजना अन्तर्गत ............... शहरी खानेपानी तथा सरसफाइ आयोजनाको सेवा क्षेत्रभित्र प्रतिफलमा आधारित सहयोग कार्यक्रमको कार्यान्वयन प्रक्रिया अनुसार छनौट भएका (सुचक अनुसार गरिबीको रेखामुनी छनौट भएका घरहरु तथा कमजोर पिछडिएको वर्ग जसको चर्पी नभएका, कच्चि चर्पी भएका, पुरानो चर्पी मर्मत सुधार गर्नु पर्ने भएका) घरधुरीहरुलाई सो सुविधा यस ..................खानेपानी तथा सरसफाइ उपभोक्ता समिति/संस्था मार्फत कार्यान्वयन गराउन आवश्यक व्यवस्थापन गरी यसै साथ संलग्न स्पेसिफिकेसन र शर्तहरु अनुसार उपभोक्ता समिति/संस्थाले सम्पन्न गर्नुपर्ने छ ।

त्यसैगरी धारा जडानका लागि सुचक अनुसार छनौट भएका घरहरुमा निशुल्क धारा जडान कार्य निर्माण व्यवसायी मार्फत गराउने कार्यको आवश्यक व्यवस्थापन गर्ने जिम्मेवारी पनि उपभोक्ता समिति/संस्थाले गर्नुपर्ने छ ।

२. (क) **चर्पि निर्माणका लागि रकम शोधभर्ना :** उपभोक्ता समिति/संस्थालाई छनौट भएको सुची बमेजिमका घरहरुमा छनौट गरिएको डिजाइन अनुसार पक्की चर्पि निर्माण गरे बापत प्रति घर रु १०,००० का दरले भुक्तानी (शोधभर्ना) दिइने छ । शोधभर्ना प्रतिफलमा आधारित सहयोग कार्यक्रम प्रक्रिया बमोजिम निर्माण कार्यको अनुगमन तथा निरीक्षण गरी प्रमाणीकरण टोलीले शिफारिस गरे बमोजिम किस्ताबन्दीमा दिइने छ । निर्देशिका अनुसार सामाजिक तथा प्राविधिक क्रियाकलापको डिजाइन, सुपरिवेक्षण तथा व्यवस्थापन परामर्शदाताका संबन्धित कर्मचारी र कार्यान्वयन मुल समुहका प्रतिनिधि समेतको टोलीले अनुगमन तथा निरीक्षण गर्ने व्यवस्था गरिएको छ ।
**(ख) धारा जडानका लागि रकम अनुदान :** उपभोक्ता समिति/संस्थालाई छनौट भएको सुची बमेजिमका घरहरुमा धारा जडान पश्चात धारा जडान कार्यको अनुगमन तथा निरीक्षण गरी प्रमाणीकरण टोलीले शिफारिस पश्चात अनुदान दिइने छ । निर्देशिका अनुसार सामाजिक तथा प्राविधिक क्रियाकलापको डिजाइन, सुपरिवेक्षण तथा व्यवस्थापन परामर्शदाताका संबन्धित कर्मचारी र कार्यान्वयन मुल समुहका प्रतिनिधि समेतको टोलीले अनुगमन तथा निरीक्षण गर्ने व्यवस्था गरिएको छ ।
अग्रिम रकम संकलन बापत सकलन हुने ५% रकमको कुल घरधुरी दामाशाहीले भागगर्दा आउने प्रतिघर बराबर रकम धारा जडानका लागि छनौट भएका घरधुरीसँग हिसाव गरी अनुदान रकम खानेपानी तथा सरसफाइ उपभोक्ता समिति वा संस्थालाई उपलब्ध गराइनेछ ।

३. .............. शहरी आयोजनामा प्रतिफलमा आधारित सहयोग कार्यक्रमका लागि छनौट भएका घरधुरीमा सरसफाइ कार्यक्रम अभिवृद्धि अर्न्तगत चर्पी निर्माणका लागि प्रति घरधुरी रु १०,००० का दरले जम्मा घरधुरी................का लागि रु............... र धारा जडानका लागि प्रति घरधुरी

रु................ का दरले जम्मा घरधुरी .............का लागि रु ....................गरी जम्मा रकम रु....................... हुनेछ। दुबै सेवा वापतको जम्मा रकम रु .................उपलब्ध हुनेछ।

बिस्तृत जानकारी यसैसाथ संलग्न फारममा प्रस्तुत गरिएको छ।

४. चर्पी निर्माण कार्य ६ महिना भित्र मिति २०७..../...देखि मिति २०७../.../... सम्म सम्पुर्ण रुपमा पुरा गर्नुपर्ने छ भने धारा जडान कार्य प्रथम चरणमा नै (दोस्रो चरणमा जानुपुर्व) सम्पन्न गरी शोधभर्ना लिइसक्नु पर्नेछ।

५. प्रतिफल प्रमाणीकरण पश्चात खानेपानी उपभोक्ता तथा सरसफाइ समिति/संस्थालाई अनुदान रकम शोधभर्ना विधि यस प्रकार हुनेछ।

**(क) चर्पी निर्माण**

| सरसफाइ सुविधा अभिवृद्धिका लागि स्थायी चर्पी निर्माण | | | | | |
|---|---|---|---|---|---|
| **क.स.** | **अनुदान रकम** | **प्रतिशत** | **सम्पन्न हुनु पर्ने निर्माण/क्रियाकलाप** | **अनुगमन र निरीक्षण हुने चरण** | **शोधभर्ना हुने अबस्था** |
| (क) | पहिलो किस्ता | ८०% | स्थायी चर्पीको निर्माण सम्पन्न गरी उपयोगमा आएको हुनु पर्ने। स्थायी चर्पी निर्माण (सब र सुपर स्टक्चर दुबै निर्माण। | • **तेस्रो चरण:** निर्माण तथा अनुगमन र जाँच | प्रमाणीकरण टोलीले प्रमाणीकरण गरे पश्चात |
| (ख) | दोस्रो किस्ता | २०% | स्थायी चर्पी पूर्ण संरचना निर्माण भई सही उपयोग भएको हुनुपर्ने। सरसफाइको स्थिति सुधारिएको हुनुपर्ने। | • **चौथो चरण:** निरीक्षण तथा अनुगमन ( सम्पन्न भएको १.५ महिना पश्चात ) | प्रमाणीकरण टोलीले प्रमाणीकरण गरे पश्चात |
| जम्मा | १००% | | | | |

**(ख) धारा जडानका लागि अनुदान**

उपभोक्ता समिति/संस्थालाई छनौट भएको सुची बमेजिमका घरहरुमा धारा जडान पश्चात धारा जडान कार्यको अनुगमन तथा निरीक्षण गरी प्रमाणीकरण टोलीले शिफारिस पश्चात एकै पटक रकम अनुदान दिइने छ।

- प्रतिफलमा आधारित सहयोग कार्यक्रमको कार्यान्वयन प्रक्रिया अनुसार चार चरणमा विविध कृयाकलापहरु सम्पन्न हुने व्यवस्था रहेको छ। जुन यस प्रकार रहेका छन् :

  पहिलो चरण : पहिचान र छनौट,

  दोस्रो चरण : स्वीकृति तथा सम्झौता

  तेस्रो चरण : निर्माण तथा अनुगमन र जाँच

  चौथो चरण : निरीक्षण र मूल्याङ्कन

६. सम्झौता बमोजिम निर्माण कार्य सम्पन्न नभएमा पुन प्रमाणीकरण टोलीले निरीक्षण तथा अनुगमन गरी शिफारीसका आधारमा मात्र अनुदान रकम दिइनेछ। अन्यथा अनुदान भुक्तानी गरिने छैन।

७. उपभोक्ता समिति/संस्थासंग भएको सम्झौता अनुसारको अवधिमा निर्माण कार्य सम्पन्न गनुपर्नेछ । निर्माण कार्य सम्पन्न भएपछि प्रमाणीकरण टोलीको शिफारिस पश्चातमात्र अनुदान उपलब्ध हुने भएकोले अग्रिम भुक्तानीहुने छैन । निर्माण कार्यको लागि अग्रीम व्यवस्थापन पूर्ण रुपमा उपभोक्ता समिति/संस्थाले गनुपर्नेछ ।

८. यो सम्झौता गर्नुभन्दा अगाडि नै प्रतिफलमा आधारित सहयोग कार्यक्रमका लागि निर्माण कार्य कार्यान्वयनका लागि विकल्पहरु छनौट गरी सकेको हुनुपर्नेछ । साथै सो बमोजिम प्याकेज बनाइ भौचर दिने व्यवस्था समेत गर्नुपर्नेछ । साथै प्राविधिक सहयोगका लागि आवश्यक व्यवस्थापन समेत उपभोक्ता समिति/संस्थाले गर्नुपर्नेछ ।

९. उपभोक्ता समिति/संस्थासँग भएको सम्झौतामा कुनै आवश्यक बिषय छुटपुट हुन गएमा दुबैको सहमतिमा प्रतिफलमा आधारित सहयोग कार्यक्रमको निर्देशिका बमोजिम सम्झौतामा थपधट गर्न सकिने छ ।

१०. उपभोक्ता समिति/सस्था र कार्यालयको बीचमा यस सम्झौता सम्वन्धि कुनै राय बाझिएमा वा यस सम्झौता सम्वन्धि कुनै वादविवाद उठेमा उपभोक्ता समिति/सस्थाले लिखित रुपमा क्षेत्रीय आयोजना प्रमुख समक्ष पेश गर्नु पर्नेछ । आयोजनाको निर्णय उपभोक्ता समिति/सस्थाले मान्नु पर्नेछ ।

११. पिछडिएका वर्ग, जोखिमयुक्त वर्ग लगायत बृद्धबृद्धा मात्र भएको परिवार, शारिरिक अशक्त तथा एकल महिला भएको घरधुरी आदि चर्पी निर्माणका लागि छनौट भएमा ति घरधुरीहरुमा अनिवार्य रुपमा चर्पी निर्माणका लागि आवश्यक समन्वय गरी सन्यन्त्र बनाई समयभित्र निर्माण सम्पन्न गर्न समिति/संस्थाले जिम्मेवारी लिनुपर्नेछ ।

**<u>खानेपानी उपभोक्ता तथा सरसफाइ समिति/संस्थाको तर्फबाटः</u>**

नामः.......................................... पद :..........................

दस्तखत........................ मितिः..................

छापः ......................................

**<u>आयोजना व्यवस्थापन कार्यालय, क्षेत्रीय आयोजना व्यवस्थापन कार्यालयको तर्फबाटः</u>**

नामः.................................... पदः ................................

दस्तखत .............................. मितिः..................

**<u>कार्यालयको छाप</u>**

**<u>साक्षीः</u>**

१. नामः.................................................... पदः ..............................

दस्तखत ....................... कार्यालय/संस्था ......................................... मितिः..........................

२. नामः.................................................... पदः ..............................

दस्तखत ....................... कार्यालय/संस्था ......................................... मितिः..........................

## छनौट भएका घरधुरीसँग चर्पी निर्माणका लागि सम्झौतापत्र: फारम-४

**शहरी खानेपानी तथा सरसफाइ आयोजना**

प्रतिफलमा आधारित अनुदान सहयोग (OBA) कार्यक्रम

**खानेपानी उपभोक्ता तथा सरसफाइ समिति**

(छनौट भएका घरधुरीहरूसँग चर्पी निर्माणका लागि अनुदान सहयोग सम्झौता पत्र)

आयोजनाको नामः : ..........................................

नाम : ........................................................

ठेगाना : ......................................................

खानेपानी उपभोक्ता तथा सरसफाइ समितिले निम्न सेवा प्राप्त गर्नको लागि अनुदान सहयोग प्रदान गर्नेछ :

(१)सरसफाइ सुविधा अभिवृद्धि (चर्पी निर्माण)

सरसफाइ सुविधा अभिवृद्धि (चर्पी निर्माण) गर्नको लागि खानेपानी उपभोक्ता तथा सरसफाइ समितिले अनुदान सहयोग अधिकतम रु.१०,००० बराबर उपलब्ध गराउनेछ । चर्पीको सब-स्ट्रकचर र सुपर-स्ट्रकचर निर्माणमा लागि अधिकतम रु १०,००० बराबरको निर्माण सामाग्री लगायत दक्ष कामदारको ज्याला उपलब्ध गराईने छ । आवश्यक तयारी र निर्माण क्रियाकलापको प्रगति अनुगमन गरेर मात्र सहयोग उपलब्ध हुनेछ । अन्य लाग्ने लागत रकम स्वयम घरधुरीले नै वेहोर्नु पर्नेछ ।

साथै सम्झौता अनुसार चर्पिको निर्माण गरी सही रुपमा उपयोग गर्नेछु । सम्झौता अनुसार कार्य नगरेको पाइएमा समितिको नियम अनुसार कारवाही प्रक्रिया अगाडि बढाएमा समेत मेरो मञ्जुरी छ ।

**घरधुरीको तर्फबाटः**

नामः.................................................... पदः................................

हस्ताक्षर : ............................................ मिति :..............................

**खानेपानी उपभोक्ता तथा सरसफाइ समितिका तर्फबाटः**

नामः.................................................... पदः................................

हस्ताक्षर : ............................................ मिति :..............................

## चर्पी निर्माण भएका घरधुरीहरुको अनुगमन तथा चेकजाँच फारम: फारम-५

### शहरी खानेपानी तथा सरसफाइ आयोजना
### प्रतिफलमा आधारित सहयोग (OBA) कार्यक्रम

(चर्पी निर्माण सम्पन्न भई सकेर प्रयोगमा आएपछि घरधुरीहरुको अनुगमन तथा चेकजाँच गर्न आवश्यक फारम, प्रमाणीकरण पश्चात ८०% रकम अनुदान रकम हुनेछ)

आयोजनाको नामः...........................................................................

नगरपालिका/गा.पा. : ........................................................................

लाभान्वित व्यक्तिको नाम : ....................................................................

ठेगाना : ..................................................................................................

जाँच गरिएको मितिः ...................... .........................

चर्पी निर्माण : निर्माण भई उपयोग आरम्भ भई सकेको छ ? ☐

**(क) प्राविधिक पक्ष**

| | | छ | छैन |
|---|---|---|---|
| १. | बनावट डिजाइन अनुसार छ ? | ☐ | ☐ |
| २. | बनावट वातावरण अनुसार उपयुक्त छ ? | ☐ | ☐ |
| ३. | चर्पी घरको उपयुक्त स्थानमा अवस्थित छ ? | ☐ | ☐ |
| ४. | चर्पी आवश्यक सामाग्रीहरु (HDPE पाईप, सिमेन्ट, प्यान र सिस्टर्न) बाट बनेको छ ? | ☐ | ☐ |
| ५. | चर्पीको निकास सेफ्टी टैंङ्क वा सोक्पिटमा जोडिएको छ ? | ☐ | ☐ |
| ६. | चर्पीको सोक्पिट पानीको मुहान वा ट्युववेल वा इनारको धेरै टाढा छ ? | ☐ | ☐ |
| ७. | चर्पी पूर्णरुपले बनेको छ ? | ☐ | ☐ |

**(ख) सामाजिक पक्ष**

| | | छ | छैन |
|---|---|---|---|
| १. | घरका सबै सदस्यलाई चर्पीको बनावट स्वीकार्य छ ? | ☐ | ☐ |
| २. | चर्पी ठिक स्थानमा अवस्थित छ ? चर्पी प्रयोगकर्ता मैत्री छ ? | ☐ | ☐ |
| ३. | परिवारका सबै सदस्यहरूले चर्पीको प्रयोग गर्छन ? | ☐ | ☐ |
| ४. | चर्पी भित्र र वरिपरि सफा छ ? | ☐ | ☐ |
| ५. | परिवारका सदस्यले स्वास्थ्य, सरसफाइ सम्बन्धी तालिम पाएका छन्? | ☐ | ☐ |
| ६. | घरपरिवार सन्तुष्ट छ ? | ☐ | ☐ |
| ७. | सबै काम सम्पन्न गरी काम ठिक र दुरुस्त रुपमा गरेको कुरा जाँच गरिएको छ ? | ☐ | ☐ |

यदि चर्पी बनाई नसकेको भए के के गर्न आवश्यक छ ? त्यस्को सूची तयार गर्नुहोस् ।

(क) .................................................................

(ख) .................................................................

(ग) .................................................................

अर्को पटक अनुगमन गर्ने मिति : ............................

**अनुगमन तथा प्रमाणीकरण टोली :**

क्षेत्रीय डिजाइन, सुपरिवेक्षण तथा व्यवस्थापन परामर्शदाताः

**प्राविधिक पक्ष अनुगमन गर्ने (सिएसी ईञ्जिनियर)**

नामः......................................................... पदः................................

दस्तखतः..................................................... मिति :............................

**सामाजिक पक्षको अनुगमन गर्ने (सामाजिक परिचालक)**

नामः......................................................... पदः................................

दस्तखतः..................................................... मिति :............................

**(कार्यान्वयन मुल समुहका (ICG) प्रतिनिधि**

नामः.......................................................... पदः................................

दस्तखतः..................................................... मितिः..............................

**घरपरिवारका तर्फबाट :**

नामः.........................................................

दस्तखतः..................................................... मिति :.........................

(घरमुलि/परिवारको सदस्य)

## चर्पीको अनुगमन तथा मूल्यांकन फारमः फारम-६
## (पहिलो र दोस्रो किस्ता रकमका लागि निर्माण पश्चात अनुगमन र मूल्यांकन गरिने फारम)

शहरी खानेपानी तथा सरसफाइ आयोजना
प्रतिफलमा आधारित सहयोग (OBA) कार्यक्रम

(चर्पी निर्माण सम्पन्न भई उपयोगमा आएपश्चात १.५ महिना पछि पुनः घरधुरीहरुको अनुगमन तथा मूल्यांकनका गरी बाँकी २०% रकम शोधभर्ना गरिनेछ ।)

आयोजनाको नामः ..................................................................

लाभान्वित व्यक्तिको नाम : ...............................................................

ठेगाना : .........................................................................................

अनुगमन गरिएको मिति :.........................................................

चर्पीको उपयोगिता र मर्मत सम्भार

| **(क) प्राविधिक पक्ष** | छ | छैन |
|---|---|---|
| १. चर्पीका सबै संरचना दुरुस्त छन् ? | ☐ | ☐ |
| २. चर्पी राम्रो अवस्थामा छ ? | ☐ | ☐ |

| **(ख) सामाजिक पक्ष** | छ | छैन |
|---|---|---|
| १. घरका सबै सदस्यले प्रयोग गरिरहेका छन्? | ☐ | ☐ |
| २. चर्पी भित्र र वरिपरि सफा छ ? | ☐ | ☐ |
| ३. घर परिवार सन्तुष्ट छ? | ☐ | ☐ |

(ग) **चर्पी जाँच गरियो र सो राम्रो अवस्थामा छ ?** ☐ ☐
यदि चर्पीको राम्रो अवस्थामा छैन भने, के के गर्नु आवश्यक छ सूची तयार गर्ने :

(क) ..................................................................

(ख) ..................................................................

(ग) ..................................................................

**अनुगमन तथा प्रमाणीकरण टोली :**

क्षेत्रीय डिजाइन, सुपरिवेक्षण  तथा व्यवस्थापन परामर्शदाताः

**प्राविधिकपक्ष अनुगमन गर्ने (सिएसी ईञ्जिनियर):**

नामः.......................................................	पदः.................................

दस्तखतः..............................................	मिति :.............................

**सामाजिक पक्षको अनुगमन गर्ने (सामाजिक परिचालक) :**

नामः.......................................................	पदः.................................

दस्तखतः....................................................	मिति :.............................

**कार्यान्वयन मुल समुहका (ICG) प्रतिनिधि :**

नामः.......................................................	पदः.................................

दस्तखतः....................................................	मिति :.............................

**घरपरिवारका तर्फबाट :**

नामः.........................................................................................

दस्तखतः....................................................	मिति :..........................

(घरमुली/परिवारको सदस्य)

# रकम शोधभर्नाका लागि प्रमाणित सूची र तस्वीर सहितको विवरण फारमः फारम-७

शहरी खानेपानी तथा सरसफाइ आयोजना
प्रतिफलमा आधारित सहयोग **(OBA)** कार्यक्रम

| लाभान्वित परिवारहरुको प्रमाणिकरण टोलीबाट प्रमाणित सूची | | | | | | |
|---|---|---|---|---|---|---|
| क्र.सं. | घरमुलीको नाम | ठेगाना | परिवार संख्या | | | तस्वीर |
| | | | महिला | पुरुष | जम्मा | |
| १ | | | | | | |
| २ | | | | | | |
| ३ | | | | | | |
| ४ | | | | | | |
| ५ | | | | | | |
| ६ | | | | | | |
| ७ | | | | | | |
| ८ | | | | | | |

**<u>प्रमाणीकरण टोलीः</u>**

नाम र दस्तखतः............................... पदः....................इञ्जिनियर (आइसिजी)

नाम र दस्तखतः............................... पदः....................निर्माण सुपरिवेक्षण इञ्जिनियर (परामर्शदाता)

नाम र दस्तखतः.............................. पदः.....................सामाजिक परिचालक (परामर्शदाता)

नाम र दस्तखतः............................ पदः......................सामाजिक परिचालक (आइसिजी)

मिति :..........................

## धारा जडान भएका (अनुदानबाट) घरधुरीहरुको रकम शोधभर्नाका लागि अनुगमन फारम : फारम-८

शहरी खानेपानी तथा सरसफाइ आयोजना

धारा जडानका लागि छनौट भएका घरधुरीहरुमा घर आगनसम्म पाइप कनेक्सन गरी मिटर जडान पश्चात अनुदान रकम शोधभर्नाका लागि आवश्यक अनुगमन फारम ।

आयोजनाको नामः....................................................................

नगरपालिका/गाउँपालिका. : .............................................................

लाभान्वित व्यक्तिको नाम : ..........................................................

ठेगाना : ........................................................................................

जाँच गरिएको मितिः .......................

| | छ | छैन |
|---|---|---|
| १. घर आँगनसम्म धाराको लागि कनेक्सन दिएको छ ? | ☐ | ☐ |
| २. मापदण्ड अनुसार काम गरिएको छ ? | ☐ | ☐ |
| ३. तपाँई काम प्रति सन्तुष्ट हुनुहुन्छ ? | ☐ | ☐ |
| ४. कनेक्शनको फोटोग्राफ (तल राख्नुपर्ने) | ☐ | ☐ |
| ५ अनुगमन टोलीले अनुगमन पश्चात मापदण्ड अनुसार जडान भएकोले अनुदान रकमका लागि शिफारिस गर्दछ । | ☐ | ☐ |

### अनुगमन तथा प्रमाणीकरण टोली :

क्षेत्रीय डिजाइन, सुपरिवेक्षण तथा व्यवस्थापन परामर्शदाताः

**प्राविधिक पक्ष अनुगमन गर्ने (सिएसी ईन्जिनियर):**

नामः......................................................पदः................................

दस्तखतः...................................................मिति :............................

**सामाजिक पक्षको अनुगमन गर्ने (सामाजिक परिचालक) :**

नामः......................................................पदः................................

दस्तखतः...................................................मिति :............................

**कार्यान्वयन मुल समुहका (ICG) प्रतिनिधि**

नामः...................................................... पदः................................

दस्तखतः................................................... मिति :............................

**घरपरिवारका तर्फबाट :**

नामः......................................................

दस्तखतः................................................... मिति :.........................

(घरमुलि/परिवारको सदस्य)

# अनुसूची १: घरायसी चर्पी निर्माण सम्बन्धमा

**सरसफाइ गुरु योजना (२०६८) (Sanitation and Hygiene Master Plan 2011):** खानेपानी मन्त्रालय अर्न्तगत खानेपानी तथा ढल व्यवस्थापन विभागले तयार गरेको सरसफाइ गुरु योजना (२०६८) लाई नेपाल सरकारले अनुमोदन पश्चात विभिन्न सरोकारवालाहरुले यसलाई प्रभावकारी रुपमा कार्यान्वयन गरिरहेका छन् । शहरी खानेपानी तथा सरसफाइ आयोजनाले पनि यसैलाई आधार मानेर प्रतिफलमा आधारित सहयोग **(OBA)** कार्यक्रम कार्यान्वयन गरीरहेको छ ।

**सुधारिएको सरसफाइ सुविधा (चर्पी):** सरसफाइ गुरु योजना (२०६८) अनुसार यदि दुइ वा सो भन्दा बढी घरधुरीहरुले सरसफाइ सुविधाहरु (चर्पी) सामुहिक रुपमा प्रयोग गरेमा वा सार्वजनिक प्रयोजनका लागि प्रयोग गरेमा उक्त सरसफाइ सुविधाहरुलाई सुधारिएको सुविधा भनि मानिदैन् । सुधारिएको सरसफाइ सुविधालाई देहाए बमोजिम बर्गीकरण गरिएको छः

क) फ्लस वा पानी हाली फ्लस गरी :

- पाइपबाट ढल निकास प्रणालीमा जाने
- सेप्टिक टैंकमा जाने
- खाल्डोमा (शुलभ शौचालय, २ खाल्डो) जाने

ख) हावा आवतजावत हुनेगरी सुधारिएको खाल्डे (भिआपी) चर्पी

ग) स्लाव र ढक्कन सहित भएको खाल्डे चर्पी

घ) कम्पोष्ट मल बनाउने चर्पी (इकोसान चर्पी), बायोग्यास जडित चर्पी

साथै सरसफाइ गुरु योजनाले संरचनाको टिकाउ र दीगोपनाको दृष्टिले कम्तिमा पनि स्ल्यावको सतहसम्म/प्यान सिटको सतहसम्म स्थायी संरचना निर्माण गर्न सिफारिस समेत गरेको छ । अतः जमिन भित्र दिसा राख्न वा लुकाउन (Containment) निर्माण हुने संरचना पक्कि हुनु जरुरी छ । यो संरचना ६ जनाको परिवारले कम्तिमा पनि ५ बर्षसम्म चर्पीको प्रयोग गर्दा नभरिने हुनु पर्दछ वा ५ बर्षको अन्तरालमा टंकी सफा गर्ने गरि टंकीको (आयतन) निर्माण गर्नुपर्दछ ।

चर्पीको संरचना सुरक्षित, सफा, उज्यालो भएको, घर देखि नजिक, चुकुल सहितको ढोका भएको र बालवालिका, बृद्धबृद्धा, महिला तथा अपाङ्गता भएका सबैले प्रयोग गर्न सकिने किसिमको हुनुपर्दछ ।

खानेपानी तथा ढल व्यवस्थापन विभागले विभिन्न समयमा तयार गरेका विभिन्न मोडेलहरु तथा डिजाइनहरु (हिमाल पहाड, तराइका लागि) लाई सन्दर्भ सामाग्रीका रुपमा प्रयोग गरेर छनौट भएका घरधुरीहरुको आवश्यकता र अवस्था अनुसार सुनिश्चित गर्नु पर्दछ । शहरी आयोजनाहरुको आवश्यकता र स्थिति अनुसार डिजाइनमा फरकपन आउन सक्ने कुरामा ध्यान दिन जरुरी छ । तसर्थ राम्रोसँग छलफल, स्थलगत भ्रमण र विश्लेषण गरेर आवश्यक मोडेल तय गर्न क्षेत्रीय परामर्शदाता टोलीले बिशेप पहल गर्नु पर्नेछ ।

**सेफ्टी टंकी वा दिसा जम्मा हुने टंकीको निम्नानुसार नाप निकाल्न हुन सिफारिस गरिन्छ ।**

जम्मा आयतन = फोहर पानी २४ घण्टा जम्मा हुन लाग्ने आयतन + दिसा र स्कमको आयतन

फोहर पानीको आयतन = प्रयोगकर्ता संख्या * २० लिटर (५ लिटर पानी ४ पटक चर्पीमा प्रयोग)

= (क)

दिसा र स्कमको आयतन = प्रयोगकर्ता संख्या * सफा गर्ने अबधि ( ५ बर्ष) * कोफिसेन्ट (१) * दिसा स्कम आयतन (२५ देखि ४० लिटर प्रति ब्यक्ति प्रति बर्ष)

= (ख)

जम्मा आयतन = (क) + (ख) घनमिटर




**लम्बाइ, चौडाइ र गहिराईको नाप निकाल्नका लागि निम्नानुसार गर्न सकिन्छः**

- पानी जम्ने गहिराइ न्यनतम १.२ मिटर हुनुपर्दछ र फि बोर्ड वापत कम्तिमा ०.३ मिटर
- चौडाई न्युनतम ०.८ मिटर हुनुपर्दछ।
- लम्बाइ र चौडाइको अनुपात २ वा ३ : १ हुनु उपयुक्त हुन्छ।

सेफ्टी टंकी चित्रमा देखाएअनुसार २ च्याम्बरको बनाउन सिफारिस गरिन्छ।

**अफसेट प्रकारको चर्पीको खाडल डिजाइन (Pit Design)**

प्रयोगकर्ता संख्या ६ जना

चर्पीको खाल्डो सफा गर्ने अबधि २ बर्ष

दिसा सहितको फोहर पानी ४० लि/बर्ष प्रति व्यक्ति

तपशिलको खाडल बनाउन सिफारिस गरिन्छ।

| Sn | Diameter | Plan Area | Circum length | Volume sludge | Infiltration area | $D_{sludge}$ | $D_{infilt}$ | $D_{cover}$ | Total depth, m |
|---|---|---|---|---|---|---|---|---|---|
| 1 | 0.75 | 0.44 | 2.36 | 0.48 | 1.20 | 1.09 | 0.51 | 0.30 | **1.90** |
| 2 | 0.9 | 0.64 | 2.83 | 0.48 | 1.20 | 0.75 | 0.42 | 0.30 | **1.48** |
| 3 | 1 | 0.79 | 3.14 | 0.48 | 1.20 | 0.61 | 0.38 | 0.30 | **1.29** |
| 4 | 1.25 | 1.23 | 3.93 | 0.48 | 1.20 | 0.39 | 0.31 | 0.30 | **1.00** |




# शहरी खानेपानी तथा सरसफाइ (क्षेत्रगत) आयोजनाको अवधारणा

- ❖ नेपाल सरकार, उपभोक्ता वर्ग/स्थानीय सरकारको सहलगानी र लागत असुलीमा आधारित ।
- ❖ आयोजनाको निर्माण, सञ्चालन र सम्भारमा उपभोक्ता वर्गको स्वामित्व रहने गरी लैङ्गिक समानता र सामाजिक समावेशी सहभागिता ।
- ❖ सेवाको गुणस्तर सुधार र सेवास्तरमा वृद्धि ।
- ❖ स्थानीय सरकार र उपभोक्ता समितिहरुको संस्थागत क्षमता विकास ।
- ❖ जलबायु उत्थानशील दृष्टिकोण (तौर तरिका) र स्मार्ट प्रविधिको प्रयोग ।

## क्षेत्रीय आयोजना व्यवस्थापन कार्यालय

पूर्व क्षेत्रीय आ.व्य.का.
इटहरी, सुनसरी
फोन नं.: ०२५-५८८१४१

पश्चिम क्षेत्रीय आ.व्य.का.
नेपालगञ्ज, बाँके
फोन नं.: ०८१-४१५३४६

आयोजना व्यवस्थापन कार्यालय
पानीपोखरी, काठमाडौं, नेपाल
फोन : ९७७-१-४४२२२३१, ४००६६८५, ४००६५४६,
फ्याक्स : ९७७-१-४४१३२८०
वेवसाइट : www.uwssp.gov.np
इमेल : info@uwssp.gov.np